साप्ताहिक

# गोरखा एक्सप्रेस

नयाँवर्ष २०८३ को शुभकामना ।

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ३८ २०८३ वैशाख ८ गते मंगलबार (Apr. 21, 2026) मूल्य रू. १०/-

## संविधान संशोधनमा कांग्रेस तैयार

संविधान संशोधनको बहस अगाडि बढेको छ । संविधान संशोधन सुझाव समितिमा कांग्रेसले प्रतिनिधि पठाएपछि समितिले पूर्णता पायो, बहस अघि बढ्यो । कांग्रेसका अनुसार संविधान पुनरावलोकन गर्न १७ विज्ञ समिति गठन गरेर जनचाहना अध्ययन गर्न लागेको हो । पार्टी उपसभापति पुष्पा भुसालका साथै वरिष्ठ अधिवक्ताहरू राधेश्याम अधिकारी, हरिहर दाहाल, प्रेम बहादुर खड्का, उपेन्द्रकेशरी न्यौपाने, शेरबहादुर के.सी., यदुनाथ खनाल, गोपालकृष्ण घिमिरे, योगेन्द्रबहादुर अधिकारी, दिनेश त्रिपाठी, सिताराम केसी, ललितकुमार बस्नेत, रनबहादुर थेवे, शर्मिला श्रेष्ठ, झलमाया विक, निरज गुप्ता, राजु कटुवाल रहेका छन् ।

कांग्रेस १० वर्षमा पुनरावलोकन गर्ने प्रकृयाको जगमा उभिएको छ । संविधानका आधारभूत संरचना–गणतन्त्र, संघीयता, स्वतन्त्र न्यायपालिका र बहुलवाद–लाई कसरी संविधानप्रति जनताले अपनत्व ग्रहण गर्लान् भन्ने सोच राखिएको छ ।

कांग्रेसले वालेन सरकारले अघि बढाएको 'बहसपत्र'को स्वागत गर्दै संविधान संशोधनका विषयमा सरकारसँग सहकार्य गर्ने प्रतिवद्धता पनि जनाएको छ ।

## दुई दाइको अंकमाल कति कसिलो ?



बालेन र रवि लामिछानेको राजनीतिक एकता, अङ्कमाल कति कसिलो होला भन्ने अड्कल सुरू भएका छन् । यो एकताले चुनावमा लहर ल्यायो, चुनावपछि पूर्वघोषित बालेन साह प्रधानमन्त्री भए । मन्त्रिमण्डाल, संसदीय समितिहरू र पार्टी जिम्मेवारीका विषयमा 'दुई दाइ' सन्तुष्टि, असन्तुष्टिमा छन् ।

सभापति रवि लामिछानेले ५ वर्षका लागि बालेन साह प्रधानमन्त्री हुन् भनिदिएका छन् । तथापि यो अंकमाल टिक्ला ? कति टिक्ला ? रास्वपाभित्रै असन्तुष्टहरूले संशय उठाएका छन् । प्रम बालेन काम गरिरहेका छन्, बोल्दैनन् । बीबीसी, टाइम्सजस्ता पत्रिका समेत भेट पाउन नसकेर फर्किएका छन् । टाइम्सले विश्वकै सय जना प्रभावशालीमा बालेन साहको नाम १६औं नम्बरमा राखेपछि प्रम बालेनका साथै रास्वपाभित्रका यी 'दुई दाइ' चर्चाको शिखरमा छन् ।

## नेपालद्वारा कोरियासँग सहकार्यको प्रस्ताव



काठमाडौं, ३ वैशाख, गृहमन्त्री सुधन गुरूङलाई भेटेर बधाई दिँदै गणतन्त्र कोरियाका राजदूत पार्क ताय योङले नेपाल-कोरियावीच सहकार्य बढाउन प्रस्ताव गरेका छन् । राजदूत पार्कले नेपाल-कोरिया बीचको ऐतिहासिक तथा मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउने विषय उठाएका थिए । राजदूतले कोरिया सरकारद्वारा नेपालको आर्थिक तथा सामाजिक विकासमा भइरहेको सहयोगलाई निरन्तरता दिने विषय पनि सम्झना गराएका थिए । राजदूत पार्कले नेपालीहरू अनुशासित, मेहनती र कोरियाली समाजमा सहज रूपमा घुलमिल हुनसक्ने विशेषताको प्रशंसा गरेका थिए ।

राजदूतले कोरिया सरकारको सहयोगमा साइबर ब्यूरोलाई प्रविधि सम्पन्न बनाउने कार्य अन्तिम चरणमा पुगेको जानकारी दिएका थिए । साथै, भीड व्यवस्थापनका लागि चाहिने उपकरण उपलब्ध गराउने जनाउ पनि दिएका थिए ।

गृहमन्त्री गुरूङले कोरियामा अध्ययन र रोजगारीका लागि जाने नेपाली नागरिकको स्वास्थ्य, सुरक्षा तथा स्वदेश फिर्तीसम्बन्धी सकारात्मक नीतिप्रति आभार व्यक्त गर्दै आगामी दिनमा थप सहकार्यको प्रस्तावको स्वागत गरेका थिए । साथै नेपालमा कोरियाली लगानीकर्ताको सुनिश्चित प्रति नेपाल सरकार प्रतिबद्ध रहेको प्रष्ट पार्दै बौद्ध संस्कृति प्रवर्द्धन र लुम्बिनी क्षेत्रको अन्तर्राष्ट्रिय प्रचारमा कोरियाको सहयोगको विशेष अपेक्षा रहेको बताएका थिए ।

# बालेनको सत्ता ब्याटल सुरू

*बालेनको राजनीतिक ब्याटल सुरू भएको छ । आमनागरिक अत्यधिक आकांक्षा पूरा हुने आशाले हेरिरहेका छन् । अन्तर्राष्ट्रिय जगतमा समेत प्रभावशाली बन्दै गएको बालेन साहलाई प्रतिपक्षीहरू कहाँनेर गल्ती गर्छ र छिर्की लगाएर ढाल्ने, पार्टीसभापतिसँग मतभेद गराएर नैतिकताको धरापमा पार्ने मौकामा छन् । अर्थात् जेनजी सरकार उच्च जोखिम पार गर्ने परीक्षामा छ । सत्ताको शिरमा उक्लेको महिना दिन भएको छैन, बालेन साहका बोल्ड निर्णयहरूले आश्चर्यमा पारेको छ । हो, गृहमन्त्रीले लिनैपर्ने निर्णय तर कानुनको मात्रा नपुगेकोमा केही आलोचना जरूर भएको छ तर जनताले पक्रनुपर्ने र थुन्नुपर्नेलाई पक्रेको थुनेकोमा बिरोध गरेका छैनन्, बरू अदालतले उनीहरूलाई तारेखमा रिहा गरेकोमा अदालतप्रति जनताको गुनासो देखिएको छ । बालेन सरकारले भ्रष्टाचारको अन्त गर्न अनेक भ्रष्टाचारीका फाइल खोल्ने, सम्पत्ति छानबिन गर्न बनाएको आयोग, संविधान बहसपत्र तैयार गर्ने समिति र शासकीय सुधारमा गरेको सय बुँदे कार्यपत्रप्रति जनउत्सुकता ज्यादै छ ।*



बालेन साह नेतृत्वको जेनजी सरकारमा युवाहरूको बाहुल्यता प्रयोगमात्र होइन । नेपालको ३७ वर्षको राजनीतिक अपराधको अन्त, शासनमा रूपान्तरण सम्भव छ छैन भन्ने उच्च जोखिमयुक्त परीक्षा पनि हो । यो परीक्षा लिने पनि जनता हुन्, परीक्षण गर्ने पनि जनता हुन् । भदौ २३, २४ मा क्रान्तिकारी जेनजीका गर्जन र उर्जा देखिन्थे, अन्तरिम सरकार, निर्वाचन र निर्वाचनपछिको बहुमतको सरकारमा पनि त्यो गर्जन र उर्जा उर्लेकै देखिन्छ । यो युवा नेतृत्वले गति लियो, जनअपेक्षालाई ठोस परिवर्तनमा रूपान्तरण गरिदियो भने जन विश्वास झन मजबुत हुनेछ, जनताको निराशाले फेरि फेरि बिस्फोट हुनेछैन ।

३७ वर्षको बहुदल र १७ वर्षको लोकतान्त्रिक गणतान्त्रिक शासनमा राजनीतिक अपराध यसरी बढ्यो कि नेपाल व्यापक अस्थिरतामा जेलियो । स्थापित राजनीतिक नेतृत्वको पतन, सामाजिक सञ्जालको परिचालन र नागरिक क्रोधको आगोमा खारिएर जेनजी राजनीति सुरू भएको हो । जेनजीले स्थापित सबै परिवर्तनलाई पर्लक्कै पल्टाएर सत्तामा पुगेको छ । यो २०७२ सालको भूकम्पभन्दा कम थिएन, जसले उलटफेर गरिदिएको थियो ।

भ्रष्टाचार र अपराधीक राजनीतिका विरूद्ध जेनजीको आक्रोश र जेनजीमाथि भ्रष्ट र अनैतिक सत्ताको गोली वर्षाको कारण अत्यासलाग्दो विनाशकारी रक्तपात, आगजनीपछि पुरानो सत्ता केही पनि बाँकी थिएनन् । खरानी थियो र खरानीमा अस्तित्व, अधिकार, समानता, न्याय, विधि, संवैधानिकता र सार्वभौमिकता सहितको नेपालको झण्डा उठाएर जेनजी पुस्ता उदाएका हुन् ।

झट्टहेर्दा सामाजिक सञ्जाल बन्द गर्ने तत्कालीन राज्यसत्ताको मुर्खता मानिए पनि यथार्थमा जड बनेर रहेको अन्धो धृतराष्ट्रको शासन शैली अपनाएको क्रान्तिकारी नामको सत्ताप्रति जनतामा अत्यासलाग्दो गरी बढेको घृणाभाव, अविश्वास कारण थियो । त्यसैको बिस्फोट हो भदौ २३ र २४ का घटनाहरू । राजतन्त्रवादी, हिन्दुवादी, राप्रपा, दुर्गा प्रसाई, केशर विष्टहरूले धेरैपटक आन्दोलन गरेकै हुन् । ती आन्दोलनभन्दा भिन्न, तीव्र र आँधीजस्तो थियो । जेनजीको आँधी रोक्नसक्ने खालको थिएन, सत्तासीनहरू सेनाको सुरक्षामा भाग्नुपरेको थियो । स्मरणीय छ, बंगलादेशमा सन २०२४ मा जुलाई विद्यार्थी आन्दोलनले परिवर्तन ल्यायो । २०२२ मा श्रीलंकामा जनताको आक्रोशबाट शासक भागे, २०२४ मा परिवर्तन ल्याए । गहिरो असन्तुष्टिले स्थिति ज्वालामुखी बिस्फोटझैं हुनेरहेछ । नेपालमा त्योभन्दा भयानक अवस्था थियो ।

जेनजी पुस्ता सत्तामा पुगेका छन् । यो पुस्ताले इतिहासप्रति गौरव, संस्कृति, संस्कार, सभ्यताको जगेर्ना गर्ने मार्ग पछ्याएको छ । जनविश्वास व्यापक छ, युवामा हौसला उच्च छ, छिटै यो जेनजी पुस्ता थाक्छ अथवा कलंकित हुन्छ भनेर सोच्न पनि सकिदैन । चुनौती धेरै छन्, रास्वपा र बालेन साहले त्यो चुनौतीसँग मुकाविला गर्ने निर्णय गरेका छन् ।

अर्थतन्त्र सुधार, रोजगारी सिर्जना गर्नुछ । विदेशीएका युवालाई स्वदेश फर्कने र विदेशी लगानी भित्र्याउने वातावरण बनाउनु छ । बिगतको अँध्यारो फार्न वर्तमान टुकी बन्नुछ, जेनजी पुस्ताले झल्को दिएका छन्, झिल्का देखाएका छन् । युवामा सत्ताको अनुभव छैन, परिवक्वता समयले बनाउने नै छ । मुहान स्वच्छ भएपछि चुहान स्वच्छ हुनेछ, प्रशासनिक दक्षता, रणनीतिक सोच, र अनुशासन विकास हुँदै जानेछ । प्रशासनमा सेवाभाव जागृत हुनथालिसकेको छ । विश्वमै नेपालका जेनजी पुस्ता आश्चर्यपूर्ण प्रशंसामा छन् । प्रशंसामा रमाउने होइन, वास्तविक संघर्षमा सफल हुनुपर्नेछ । प्रम बालेन साह कम बोल्छन्, काम गर्छन् । चुनावमा उनले काम मागेका थिए, जनताले काम दिएका छन् । अब परिणाम बालेन सरकारले देखाउनु पर्नेछ । बालेन सरकारलाई जनताले आफ्नै मानेका छन्, यो अपनत्व बैधानिकताको प्रत्याभूति हो ।

भ्रष्टाचारले गालेको र राजनीतिक अपराधले मारेको राष्ट्रलाई जिवन्त पार्नु बालेन सरकार र रास्वपाको पहिलो कर्तव्य हुनुपर्नेछ । जेनजी सरकार प्रयोग वा प्रयोगशाला नबनोस्, आमनागरिकको अपेक्षा यही छ ।

## बालेन सरकार बनेपछि वैदेशिक लगानी बढ्दै

बालेन सरकार बनेपछि अरवौंका योजनाहरूमा विदेशी लगानीको प्रतिवद्धता आएका छन् । आउने क्रम जारी छ । जानकारी आएअनुसार चैत मसान्तसम्म ६१५ योजना स्वीकृत भइसकेका छन्, कृषि र वनसम्बन्धि २२ अर्वभन्दा बढीका १६ योजना रहेका छन् । यसबाहेक पर्यटनमा १६४, सेवामूलुक ४७, उत्पादनमूलक ३८, सञ्चारमा ३४६ र उर्जामा २ आयोजना रहेका छन् । पूर्वाधार विकासमा केही महत्वपूर्ण योजना पाइपलाइनमा भएको बुझिएको छ ।

## दाइजो विरूद्ध



उपसभामुख रूविकुमारी ठाकुरले विवाहको निम्तो प्राप्त भएको तर निम्तोमै 'दहेजमुक्त विवाह' नलेखिएकोमा दुःख प्रकट गर्दै दाइजो प्रथाले महिलाको सम्मान, समानता र अधिकारमाथि घात गरिरहेको बताएकी छिन् ।

रूविकुमारी ठाकुरले दाइजो लिनु वा दिनुमात्र नभई दहेजमा आधारित विवाहलाई स्वीकार गर्नु, त्यस्ता कार्यक्रममा सहभागी हुनु वा भोज ग्रहण गर्नु समेत सामाजिक रूपमा अस्वीकार्य र कानुनी रूपमा दण्डनीय रहेको बताएकी छिन् । उपसभामुख ठाकुरले दाइजो प्रथालाई विद्यमान कुरीति भनेकी छिन् र दहेज विरूद्धको संघर्ष व्यक्तिगत तहबाटै सुरू हुनुपर्छ भनेकी छिन् ।



## युरेनियम कथाभन्दा पर बदलिंदो आर्थिक व्यवस्थामा नेपालको रणनीतिक मार्ग

– गालब बहादुर ढुंगाना –

हालै Gorkha Express (www.nepaltoday.com.np) मा प्रकाशित एक प्रतिवेदनले नेपाल सरकारले मुस्ताङमा भेटिएको युरेनियम प्रशोधनको जिम्मा संयुक्त राज्य अमेरिकालाई दिने तयारी गरिरहेको आरोप लगाएपछि राष्ट्रिय बहस सुरू भएको छ । उक्त प्रतिवेदनले लोमान्थाङ क्षेत्रमा युरेनियम प्रशोधन अमेरिकी र अष्ट्रेलियाली प्राविधिक टोलीलाई नेपाल सेनाको समन्वयमा संलग्न गराउने तयारी भइरहेको संकेत पनि दिएको छ । यी दाबीहरू पूर्ण रूपमा प्रमाणित छन् वा छैनन् भन्ने कुरा मुख्य विषय होइन । वास्तविक प्रश्न भनेको, प्रविधि, ऊर्जा र महत्वपूर्ण खनिजहरू शक्ति र समृद्धिका प्रमुख चालक बन्दै गइरहेको विश्व अर्थतन्त्रमा नेपालले आफूलाई कसरी स्थापित गर्ने भन्ने हो ।

विश्वभर सरकारहरूले आपूर्ति शृंखला सुरक्षालाई केन्द्रमा राखेर आर्थिक रणनीति पुनःसंरचना गरिरहेका छन् । संयुक्त राज्य अमेरिकामा CHIPS and Science Act ले अर्धचालक उत्पादन र आपूर्ति स्थायित्वका लागि अर्बौं डलर लगानी निर्देशित गरेको छ । त्यस्तै, Minerals Security Partnership ले अमेरिका, जापान, अष्ट्रेलिया तथा युरोपेली संघका सदस्य राष्ट्रहरूलाई स्वच्छ ऊर्जा र उन्नत उद्योगका लागि आवश्यक महत्वपूर्ण खनिजहरूको पहुँच विविधीकरण गर्न एकजुट गरेको छ । यी नीतिहरू अलग-अलग प्रयास होइनन्; बरू ऊर्जा, डेटा र औद्योगिक स्रोतहरूमा नियन्त्रणमार्फत आर्थिक सुरक्षा सुनिश्चित गर्ने विश्वव्यापी प्रवृत्तिको संकेत हुन् ।

नीति बहसमा यस परिवर्तनलाई कहिलेकाहीँ "प्याक्स सिलिका" को रूपमा वर्णन गरिन्छ । यो औपचारिक शब्द नभए पनि यसको संकेत स्पष्ट छ । कम्प्युटिङ, ऊर्जा र सामग्रीमा आधारित रणनीतिक पारिस्थितिकी तन्त्रहरूले भूराजनीतिक प्रभावलाई आकार दिन थालेका छन् । India ले फेब्रुअरी २०२६ मा यस्ता आपूर्ति शृंखला ढाँचासँग समन्वय गर्ने निर्णयले यो परिवर्तन कति तीव्र गतिमा छ भन्ने देखाउँछ ।

नेपालका लागि यो रूपान्तरणले वास्तविक अवसर प्रस्तुत गर्दछ । नेपालको सबैभन्दा मूल्यवान रणनीतिक सम्पत्ति अनुमानित युरेनियम भण्डार होइन, विद्युत् हो । नेपालको जलविद्युत् सम्भावनाले यस्तो समयमा संरचनात्मक लाभ प्रदान गर्दछ, जब भरपर्दो र स्वच्छ ऊर्जा डिजिटल पूर्वाधार र औद्योगिक विस्तारका लागि सीमित कारक बन्दै गएको छ ।

नीतिगत आधार तयार भइसकेको छ । MCC अन्तर्गतको नेपाल कम्प्याक्ट, ५२५ मिलियन डलरको कार्यक्रम, उच्च भोल्टेज प्रसारण र ग्रिड विश्वसनीयतामा लगानी गरिरहेको छ । यसको उद्देश्य स्पष्ट छ–विद्युत् आपूर्ति विस्तार गर्नु र लागत घटाउनु । साथै, World Bank ले फेब्रुअरी २०२६ मा ५० मिलियन डलरको डिजिटल रूपान्तरण परियोजना स्वीकृत गरेको छ, जसले डेटा शासन, साइबर सुरक्षा र डिजिटल पूर्वाधार सुदृढ बनाउने लक्ष्य राख्छ । यी पहलहरूले एउटा विश्वसनीय रणनीति प्रस्तुत गर्छन्–नेपाल ऊर्जा-सक्षम र डिजिटल रूपमा जोडिएको अर्थतन्त्रका रूपमा विश्व मूल्य शृंखलामा सहभागी हुनसक्छ ।

युरेनियम भने फरक प्रकृतिको विषय हो । नेपालको Department of Mines and Geology Nepal ले सम्भावित भण्डार पहिचान गरेको छ, र International Atomic Energy Agency ले NEP २००७ परियोजनामार्फत प्राविधिक सहयोग गरेको छ । यतिसम्म नै तथ्य स्थापित छ । अन्वेषण भनेको उत्खनन होइन । यो विदेशी साझेदारसँगको व्यावसायिक सम्झौता पनि होइन । भूगर्भीय अध्ययन भनेको अनुमति (concession) होइन ।

यस चरणभन्दा अगाडि बढ्ने कुनै पनि कदम महत्वपूर्ण हुनेछ । यसका लागि कानुनी ढाँचा, नियामक क्षमता, वातावरणीय सुरक्षा र सार्वजनिक उत्तरदायित्व आवश्यक पर्छ । साथै, यसले भूराजनीतिक प्रभाव पनि पार्नेछ । मुस्ताङ संवेदनशील भौगोलिक क्षेत्रमा पर्छ, जहाँ लिइने निर्णयहरूले अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्न सक्छन् । उत्तरी सीमासँगको निकटताले थप जटिलता सिर्जना गर्छ ।

यही कारणले वर्तमान बहस महत्वपूर्ण छ । यो गोप्य सम्झौताको पुष्टि भएको कारणले होइन, तर अनिश्चितताको मूल्य उजागर गर्ने भएकाले हो । जब स्पष्ट जानकारी हुँदैन, त्यहाँ अड्कलबाजीले स्थान लिन्छ । यस्तो अड्कलबाजीले साझेदारहरूलाई अस्थिर बनाउँछ, अपेक्षाहरू विकृत गर्छ र सार्वजनिक विश्वास कमजोर बनाउँछ । यसको उचित उत्तर स्पष्टता हो । यदि नेपाल उदीयमान आपूर्ति शृंखला र प्रविधि ढाँचामा सहभागी हुने तयारीमा छ भने, त्यसलाई खुला रूपमा भन्नुपर्छ । यदि छैन भने, त्यो पनि स्पष्ट रूपमा बताइनुपर्छ । पारदर्शिताले विश्वसनीयता निर्माण गर्छ । मौनताले व्याख्यालाई निम्तो दिन्छ ।

नेपालले लामो समयदेखि असंलग्नताको नीति अपनाउँदै आएको छ, जसलाई "शान्ति क्षेत्र" बन्ने आकांक्षाले समर्थन गरेको छ । यसले देशलाई ठूला शक्ति प्रतिस्पर्धाबाट टाढा रहँदै विश्वसँग संलग्न हुन मद्दत गरेको छ । तर भूराजनीतिक प्रतिस्पर्धा तीव्र बन्दै जाँदा यो सन्तुलन कायम राख्नु झन् कठिन र झन् महत्वपूर्ण बन्दै जानेछ ।

यस सन्दर्भमा नयाँ आर्थिक ढाँचासँगको संलग्नतालाई आफैंमा जोखिमका रूपमा लिनु हुँदैन । यो दीर्घकालीन विकास र राष्ट्रिय सार्वभौमिकता सुदृढीकरणका लागि आवश्यक हुनसक्छ । मुख्य प्रश्न भनेको यस्तो संलग्नता सचेत र पारदर्शी ढंगले गरिन्छ कि स्वतः र सार्वजनिक बुझाइबिना अघि बढ्छ भन्ने हो । यही भिन्नता रणनीतिक हुन्छ ।

नेपाल एक ठूलो विश्वव्यापी रूपान्तरणको सङ्गममा उभिएको छ । ऊर्जा, प्रविधि र औद्योगिक प्रणालीहरू यस्ता तरिकाले एकीकृत भइरहेका छन्, जसले आगामी दशकहरूमा आर्थिक परिणाम निर्धारण गर्नेछन् । सही व्यवस्थापन भएमा यो परिवर्तनले ठूलो मूल्य सिर्जना गर्न सक्छ, विशेषतः स्वच्छ ऊर्जाको उत्पादक उपयोगमार्फत । यस अवसरको आधार गोपनीयता होइन–विश्वास हो । आजको विश्वमा जहाँ लगानी र साझेदारी स्पष्टतामाथि आधारित हुन्छन्, पारदर्शिता केवल सुशासनको सिद्धान्त मात्र होइन, प्रतिस्पर्धात्मक लाभ पनि हो ।

# नेपालको तातोपानी पर्यटनः सम्भावना, चुनौती र विकासको नयाँ मोडेल



इ.कृष्णभक्त दुवाल

सिन्धुपाल्चोक, रसुवा, म्याग्दी, जुम्ला हुँदै गोरखासम्म फैलिएका तातोपानी कुण्डहरू नेपालका अमूल्य प्राकृतिक सम्पदामध्ये पर्दछन् । यी तातोपानीहरू केवल स्नान वा मनोरञ्जनका लागि मात्र होइनन्, धार्मिक आस्था, स्वास्थ्य लाभ र पर्यटन विकासका दृष्टिले समेत अत्यन्त महत्वपूर्ण छन् । प्राकृतिक रूपमा निस्कने तातोपानीमा स्नान गर्दा विभिन्न छाला तथा स्नायुसम्बन्धी समस्यामा राहत मिल्ने विश्वास गरिन्छ, जसले यसलाई "प्राकृतिक उपचार केन्द्र" को रूपमा समेत चिनाएको छ ।

नेपालमा रहेका यस्ता तातोपानी स्रोतहरूको सही व्यवस्थापन र प्रवर्द्धन गर्न सकियो भने आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्न सक्छ । अहिले पनि धेरै ठाउँमा स्थानीय स्तरमा सामान्य संरचना बनाएर प्रयोग भइरहेका छन्, तर समग्र रूपमा हेर्दा अझै व्यवस्थित, आकर्षक र अन्तर्राष्ट्रिय स्तरको सेवा उपलब्ध गराउन सकिएको छैन।

**चीनको अनुभवः सिक्नुपर्ने पाठ**

विद्यार्थी तथा व्यवसायिक भ्रमणका क्रममा चीनका विभिन्न स्थानमा रहेका प्राकृतिक तातोपानीहरूमा बनेका आधुनिक रिसोर्टहरू अवलोकन गर्ने अवसर मिलेको अनुभव निकै प्रेरणादायी छ। त्यहाँ तातोपानी स्रोतहरूलाई केवल खुला कुण्डको रूपमा मात्र राखिएको छैन, बरू स्थानीय सरकार (हाम्रो गाउँपालिका जस्तै) र निजी पर्यटन व्यवसायीहरूको सहकार्यमा आकर्षक रिसोर्टहरू निर्माण गरिएका छन्।

ती रिसोर्टहरूमा तातोपानीका पोखरीहरू, विभिन्न तापक्रमका स्नान क्षेत्र, मनोरञ्जनका लागि वाटर किंगडम जस्ता संरचनाहरू विकास गरिएका हुन्छन्। पर्यटकहरूले एकै स्थानमा स्वास्थ्य लाभ, विश्राम र मनोरञ्जनको अनुभव लिन सक्छन् । यसबाट स्वदेशी तथा विदेशी पर्यटकबाट राम्रो आम्दानी हुने गरेको छ। साथै, स्थानीय बासिन्दाहरूका लागि रोजगारी सिर्जना हुनुका साथै स्थानीय सरकारलाई समेत राजस्व प्राप्त हुने गरेको छ ।

**सम्भावित विकास मोडेल**

नेपालमा पनि यस्तै मोडेल अपनाउन सकियो भने तातोपानी पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउन सकिन्छ । यसका लागि निम्न पक्षमा ध्यान दिन आवश्यक छः

पूर्वाधार विकासः सुरक्षित स्नान कुण्ड, रिसोर्ट, होटल, चेंजिङ रूम, स्वास्थ्य केन्द्र आदि निर्माण

सरसफाइ र व्यवस्थापनः पानीको गुणस्तर जाँच, स्वच्छता, व्यवस्थापन

सहज पहुँचः सडक, यातायात र संकेत प्रणाली सुधार

सार्वजनिक-निजी साझेदारी (एएए): सरकार र निजी क्षेत्रको संयुक्त लगानी

प्रचारप्रसारः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डिङ र मार्केटिङ

**निष्कर्ष**

नेपालका तातोपानी कुण्डहरू प्राकृतिक रूपमा अत्यन्त धनी भए पनि तिनको व्यावसायिक र पर्यटन उपयोग अझै सीमित छ। चीनजस्तो देशबाट सिकेर यदि हामीले योजनाबद्ध रूपमा तातोपानी स्रोतहरूको विकास गर्न सक्यौं भने, यसले स्वास्थ्य पर्यटन, धार्मिक पर्यटन र मनोरञ्जन पर्यटन सबैलाई सँगै अघि बढाउन सक्छ ।

यसबाट एकातिर स्थानीय स्तरमा रोजगारी सिर्जना हुनेछ भने अर्कोतर्फ देशको आर्थिक विकासमा समेत महत्वपूर्ण योगदान पुग्नेछ। अब आवश्यकता छ–दृष्टिकोण परिवर्तन, योजना निर्माण र प्रभावकारी कार्यान्वयनको ।

# देशको समस्या एकातिर सरकारको कदम अर्कातिर



डा. केशव देवकोटा

नेपालीमा उखाननै छ 'घरतिर जाँदा वनतिर मुख, वनतिर जाँदा घरतिर मुख' हुने होभने कुनैपनि काम पनि बन्दैन । बरू त्यस्तै अवस्था पऱ्योभने दुर्घटनामा परिन्छ । बढो आश्चर्यजनक ढंगले गत भदौ २३ र २४ गतेको बिध्वंश भयो, सोही बिध्वंशलाई कारण जनाएर राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते संसदको बैठक चलिरहेकै बेला संसद बाहिरबाट त्योपनि संविधान बिपरित पूर्व प्रधान न्यायाधिशलाई प्रधानमन्त्रिमा नियुक्त गरेर मनोनित प्रधानमन्त्रिको एकल सिफारिसमा निर्वाचित संसदनै बिघटन गरी नयाँ निर्वाचनको घोषणा गरिदिनु भयो । आश्चर्यजनक ढंगले नै निर्वाचन भएर रास्वपाले झण्डै दुईतिहाइ मत प्राप्त गरेर सरकार गठन गरेको छ । यसरी आएको सरकारले समग्र देशको उन्नति, प्रगति र आफ्नोसमेत स्थायित्वका लागि राष्ट्रिय एकता र सहमतीय राजनीतिलाई प्रमुखता दिएर काम गर्नुपर्नेमा सरकार पनि आश्चर्यजनक ढंगले शुरूमा मुठभेडमा उत्रिने प्रयास गरेको थियोभने हाल केही सेलाएकोजस्तो देखिएको छ । जसलेगर्दा 'मुसाजत्रै मुसा'भन्ने नेपाली उखानजस्तै यो सरकारले पनि यसअघिकै सरकारका पदचापहरू पछ्याउन खोजेको देखिन थालेको छ । जेनजीले स्थापना गरेको भनिएको सरकार ढाल्न फेरी पनि जेनजी समूहहरूनै अग्रसर हुनथालेका छन् । सरकार गठन भएको १०० दिन पनि नपुग्दै बिभिन्न क्षेत्र र पक्षबाट बिरोध हुनथालेको छ । बिभिन्न राजनीतिक पार्टी र शक्तिहरूका लागि राजनीतिक दाउपेचका कुराहरू होलान तर सर्बसाधारण जनताका लागि जुन पार्टीको सरकार आए पनि र जो प्रधानमन्त्रि भएपनि खासै फरकपर्ने देखिँदैन । त्यसैले नयाँ सरकारले नयाँ ढंगले देशलाई अगाडि बढाउन खोजेको खण्डमा सबै क्षेत्र र पक्षको समर्थन हुन्छभने नयाँ सरकार पुरानै ढंगले परिचालित हुनथालेको खण्डमा बिरोध पनि हुन्छ । त्यसैले हालको सरकारमा आएकाहरू, त्यसमा पनि प्रधानमन्त्रिले देशको खास समस्या के हो ? भन्ने पहिचान गर्नु/गराउनु आवश्यक छ । देश चल्ने भनेको ऐन कानून र बिधि एवं पद्धतिले हो ।

त्यसैले नेपालमा हाल जेजस्तो अवस्था सिर्जना भएको छ, त्यसको मुख्य कारण ०७२ को संविधानमा रहेको त्रुटीनै हो । दोश्रो संविधानसभाको निर्वाचन यताका कुनैपनि निर्वाचनमा भाग नलिएको तर देशको क्रियाशील पार्टीमध्येको एक क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले बिद्यमान सबै समस्याको जड भनेकै ०७२ को संविधान रहेको औपचारिक ठहरनै गरेको छ । उसले जन संविधानको माग गरेको छ । तर जनसंविधान भनेको कस्तो हो ? भन्ने स्पष्ट गरेको छैन । ०७२ को संविधान बन्नका लागि करिव साँढे आठ बर्षको समय र ३० अर्बभन्दा बढी रकम खर्च भएको थियो । तर त्यसरी बनाइएको संविधान घोषणा भएको १० बर्ष बित्दा पनि पूर्णरूपमा कार्यान्वयन हुनसकेको छैन । उक्त संविधान पूर्णरूपमा कार्यान्वयन त के अब सहजै संशोधन हुनेसमेत संभावना छैन । किनकी ०७२ को संविधानमा उल्लेख गरिएका प्रावधानहरू संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षता र समानुपातिक निर्वाचन पद्धतिलगायतका कुराहरू विदेशीद्वारा प्रायोजित एजेण्डाहरू हुन् । जसको मूलधेय नेपालमा सधै राजनीतिक अस्थिरता, सामाजिक कलह र आर्थिक संकट सिर्जनागर्नु हो । आखिर हाल भएको पनि त्यहिनै छ । ०७२ को संविधान निर्माणगर्दा विदेशीद्वारा प्रायोजित उपरोक्त एजेण्डालाई संविधान निर्माणका पूर्व शर्त बनाइएको थियो । त्यतिबेला सर्बसाधारण जनताले दिएका सुझावहरूलाई दराजमा थन्क्याइयो । संभवत गत जेनजी आन्दोलनमा त्यसलाई पनि जलाइयो होला । हालसम्म पनि कतिपय समूहले उपरोक्त बुँदाहरूलाई संविधान संशोधनको पूर्व शर्त बनाएका छन् । नेपाली जनताका दृष्टिले ति कुराहरू नै मुख्य समस्या हुन्भने कतिपय समूहका लागि ति बुँदाहरू उपलब्धी हुन् । त्यसैले बर्तमान सरकारले संसदमा झण्डै दुई तिहाइको संख्या रहेपनि जनताको चाहना र देशको खास आवश्यकताअनुसार संविधान संशोधन गर्न/गराउन सक्दैन ।

यसअघिको झण्डै दुई तिहाइको नेपाली कांग्रेस र एमालेलगायतका दलहरूको सरकारले संविधान संशोधन गराउन नसक्नुको कारण पनि त्यहीनै हो । त्यसैले बर्तमान सरकारले सर्बप्रथम संसदबाट ०७२ को संविधानलाई पूर्णरूपमा खारेज गरेर तेश्रो संविधानसभाको निर्वाचन गराउने वा नयाँ संविधान निर्माण मस्यौदा समिति बनाउने निर्णय गराउन सक्नु पर्दछ । त्यसपछि संविधानसभा वा त्यस्तो समितिलाई पूर्वशर्त बिनाको स्वतन्त्र र निश्पक्षरूपमा कामगर्ने जिम्मेवारी पनि संसदको बैठकलेनै तोकेको हुनुपर्दछ । नेपालमा हाल बिवादमा रहेको भनिएका कुराहरूमा राजतन्त्र कि गणतन्त्र, संघीयतामा जानेकि नजाने, धर्म निरपेक्षकि हिन्दू राष्ट्र, प्रत्यक्ष निर्वाचनकि समानुपातिक निर्वाचनभन्ने लगायत रहेका छन् । जसको टुंगो जनमत संग्रहबाट लगाइएको हुनुपर्दछ । यसरी निर्माण भएको संविधान अन्तर्गत बन्ने ऐन, कानूनहरूले देशलाई अगाडि बढाउन सक्दछन् । त्यसैले यसरी स्वतन्त्र र निष्पक्ष समितिमार्फत नयाँ संविधान निर्माण गर्न/गराउन नसक्ने होभने संविधान संशोधनको कुरा तत्काल बन्दगर्दा राम्रो हुन्छ । संविधानपछिको मुख्य समस्या भनेको सामाजिक सञ्जाल र भ्रष्टाचार हो । सामाजिक सञ्जालका लागि नियमन होइन । सेन्सरसिपकै व्यवस्था गरिएको हुनुपर्दछ । अनाबश्यक, फजुल र देशमा झगडा बढाउने सामग्रीहरू सेन्सर गरेर हटाउने व्यवस्था गर्नुको बिकल्प छैन । त्यसैगरी भ्रष्टाचार नियन्त्रणका लागि पनि राम्रो कानूनी व्यवस्था गरिएको हुनुपर्दछ ।

हरेक बर्षको बेरूजु त्यसै बर्ष उठाउनेगरी व्यवस्था गरिएको हुनुपर्दछ । पदमा रहनेहरूको सम्पति बिवरण शुरूबाटै छानविन र निगरानीमा राखिएको हुनुपर्दछ । नेपालको वर्तमान सरकारले चाल्नुपर्ने कदमहरू बुझ्नका लागि बिद्यमान राजनीतिक, आर्थिक र कूटनीतिक सन्दर्भहरूलाई हेरिन आवश्यक छ । गत फागुन २१ को निर्वाचनपछि बर्तमान सरकारप्रति ठूलो जनअपेक्षा रहेको छ । साथै चुनौतीहरू पनि उत्तिकै जटिल रहेका छन् । भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि बर्तमान सरकारले जे जसरी र जेजस्ता कदमहरू चालेको छ, त्यसमा नीतिगत त्रुटीहरू रहेका छन् । त्यसैगरी आर्थिक सुधार र रोजगारीका कुराहरू जसरी उठेका छन्, त्यसमा पनि नयाँ ढंगले शोचबिचार गरेर कदम चाल्नु आवश्यक छ । नेपालको अर्थतन्त्र अहिले सुस्त छ र रेमिट्यान्समा अत्यधिक निर्भरता रहेको स्पष्ट छ । उत्पादनमुखी उद्योग (कृषि, ऊर्जा, पर्यटन) मा लगानी बढाउने तिर सरकारी ध्यान जानसकेको छैन । स्वदेशमै रोजगारी सिर्जनाग र्नेगरी मुख्यत कृषि उद्योगमा ध्यान दिइन आवश्यक छ । जसका लागि देशभरी प्राथमिक तहदेखिनै कृषि शिक्षामा जोड दिइएको हुनुपर्दछ । ताकि हरेक ब्यक्ति माध्यमिक तहको शिक्षा पूरागर्दा कृषिका लागि उपयोगी जनशक्ति बन्न सकोस । त्यसपछि अन्य सीपहरूको विकास गराउनु उपयुक्त हुन्छ । त्यसैगरी देशमा स्थिरता र आन्तरिक व्यवस्थापनका कुराहरू पनि उठेका छन् । स्थिरताका लागि राष्ट्रिय सहमतिमा आधारित ब्यवस्था लागूगराउन र अभ्यास गराउन सक्नुपर्दछ । हाल नयाँ सरकारभित्रै पनि आन्तरिक मतभेद र पदलोलुपता चुनौती बन्नसक्ने अवस्था छ ।

त्यसैले पार्टीभित्र अनुशासन र स्पष्ट नेतृत्व आवश्यक छ । सबैतिर स्पष्ट बिधि र पद्धतिद्वारा योग्यतामा आधारित छनोट र नियुक्तिको ब्यवस्था गरिएको हुनुपर्दछ । त्यसैगरी सन्तुलित विदेश नीतिका लागि 'शान्ति क्षेत्र नेपाल'को अवधारणालाई पूर्णरूपमा लागूगराइएको हुनु आवश्यक छ । देशमा मेलमिलापको राजनीति र आत्मनिर्भर अर्थतन्त्रको अभ्यास नभएसम्म नेपालजस्तो मुलुक अगाडि बढ्नै सक्तैन । नेपालमा कागजीरूपमा असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीति भएपनि ब्यवहारमा त्यसको ठीक बिपरितका गतिबिधिहरू भैरहेका छन् । ०४६ को राजनीतिक परिवर्तनदेखि नै नेपालमा विदेशी हस्तक्षेप र तानातान ब्याप्त छ । अझ ०६३ को परिवर्तनपछि नेपाललाई अमेरिकी सैन्य संगठन 'नेटो' निकट बनाइएको छ । रूस-युक्रेन युद्धमा युक्रेन र इजरायल हमास युद्धमा इजरायलको समर्थनगर्नुकासाथै यसअघिको सरकारले छिमेकी चीनलाई एक्ल्याउन गरेको प्रयासले उपरोक्त कुराको पुष्टिगरेको छ । नेपालजस्तो मुलकको सरकारले सन्तुलित कूटनीति अपनाउनु र राष्ट्रिय हितलाई प्राथमिकता दिनुको अर्को बिकल्प छैन । कुनै एक देशसँगको अत्यधिक निर्भरता घटाउनु आवश्यक छ । नेपालले बिद्यमान भूराजनीतिक अवस्थालाई अवसरकारूपमा उपयोग गर्न/गराउन नयाँ नीतिको तर्जुमागर्नु आवश्यक छ । संस्थागत सुधार र नीति कार्यान्वयनमा नेपालले ध्यान दिनुपर्दछ । स्पष्ट कार्ययोजना र समयसीमा अनुगमन र मूल्यांकन प्रणालीको आवश्यकता छ । उपरोक्त सबैका लागि सरकारले संसदमा रहे नरहेका क्रियाशील पार्टी र शक्तिको सर्बदलीय/सर्बपक्षीय राजनीतिक सम्मेलन गराएर सुझाव लिनु बढी उपयुक्त हुन्छ । उल्टो बाटो हिँडेर लक्षमा पुग्न सकिँदैन । यो नै सबैले सधै ध्यान दिनुपर्ने मुख्य बिषय हो ।

**सन्ध्याकालीन**

www.sandhyakalin.com

**गोरखा एक्सप्रेस**

www.nepaltoday.com.np **पढौं**

**लेख, रचना र बिज्ञापन पठाएर सहयोग गरौं ।**

# नयाँ सरकारको अमेरिका, चीन र भारतसँगको सम्बन्ध

नयाँ सरकारले भारत, चीन र अमेरिकासँग कसरी व्यवहार गर्नेछ ? यी तीनशक्तिसँग समझदारीमा नरहेसम्म जेनजी पुस्ताको सरकारको सफलता शून्य हुनेछ । यो महत्वको प्रश्न हो ।

नयाँ सरकार बनेपछि, विज्ञहरूले अनुमान खेर गएको छ । बालेन सरकारले कुनै पनि सैनिक गठजोडमा नलाग्ने निर्णय सार्वजनिक गरिसकेको छ ।

बालेन सरकारले भनेको छ- नेपाल आफ्नो गुटनिरपेक्ष नीति कायम राख्नेछ ।

प्रधानमन्त्री बालेन शाहले चुनाव प्रचारमा जम्मा १९ मिनेट मात्र बोले तर रास्वपाका पक्षमा लहर नै ल्याए । प्रधानमन्त्री बनेपछि जनताको ठुलो भरोसा बालेन साहमा देखिएको छ । बालेन साहको नीतिमा सन्तुलित र गतिशील कूटनीति उल्लेख हुनु गजब छ ।

नेपालको भू-राजनीतिक परिदृश्यका एक टिप्पणीकारले भनेका छन् कि पुराना नेताहरूको स्थानमा नयाँ नेतृत्व आएपछि, सरकारले कूटनीतिक सम्बन्धलाई नयाँ दृष्टिकोणबाट अघि बढाउने अवसर पाएको छ । प्रम बालेनले त्यस्तै गरेका छन् । रास्वपाको अन्तर्राष्ट्रिय सम्बन्ध प्रमुखका रूपमा शिशिर खनालले बीबीसीसँग भनेका थिए, नेपालको गुटनिरपेक्ष परराष्ट्र नीति संविधानमै स्थापित छ, र पार्टी त्यसैमा अडिग रहनेछ । अहिले उनी परराष्ट्र मन्त्री बनेका छन् । पहिलो विदेश भ्रमणमै खनालले नेपालको सार्वभौमिक स्वतन्त्रता प्रष्ट पारेका छन् ।






शिशिर खनाल स्वतन्त्र अस्तित्वमा उभिएर सरकारको ध्यान ध्यान आर्थिक र विकास र परिपक्व कूटनीतिमा देखिएको छ । टाइम पत्रिकाले प्रभावशाली सय जनताको नामावलीमा बालेन साहको नाम छापिएपछि विश्वले नेपालको आवाज सुन्ने वातावरण निर्माण भएको छ ।

परराष्ट्र मन्त्री खनालले भारत र चीन दुबैसँग सम्बन्ध कायम राख्नुको महत्व जोड दिएका छन् । उनले भारतसँगको ऐतिहासिक सम्बन्ध र भौगोलिक निकटता उल्लेख गर्दै, दुबै देशसँग आपसी सम्मानका आधारमा सम्बन्ध विस्तार गरी नेपालको आर्थिक हितलाई प्रवर्द्धन गर्ने बताए ।

नेपाल-भारतबीचका सीमा विवाद, प्रवुद्ध समूह (EPG) प्रतिवेदन, सीमा-नक्सा विवाद, हवाई मार्गका समस्या जस्ता मुद्दा वर्षौंदेखि बाँकी छन् । पार्टी नेताहरूले यी विवादलाई संवाद र प्रमाणमा आधारित छलफलमार्फत समाधान गर्नुपर्ने बताएका छन् । यसैवीच बधाई सन्देश दिँदै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका प्रम बालेन साहलाई भारत भ्रमणको निम्तो दिएका छन् । निम्तो स्वीकार गर्दै प्रम बालेन साहले एजेण्डा तय गरेर भारत भ्रमणमा जाने बताएपछि भारतले विदेशसचिवलाई नेपाल पठाउने भएको छ । सचिव स्तरमा एजेण्डाहरू तय भएपछि बालेन साह भारत भ्रमणमा जानेछन् । यद्यपि सुरूका दिनमा बालेन साहले २ वर्ष विदेश भ्रमण नगर्ने भनेका थिए तर निम्तो नै आइसकेपछि छिमेक सम्बन्ध सुदृढ गर्ने र नेपालका हक र हितमा कुरा गर्नु स्वभाविक हो । यसैवीच चीनले पनि बालेन साहलाई भ्रमणको पेशकस गरेको सुनिएको छ । गृहमन्त्री सुधन गुरूङ र चिनियाँ राजदूतवीच मैत्री भेटवार्ता निरन्तर भइरहेको देखिन्छ, सुनिन्छ । यति भए पनि बालेन सरकारको भारत, चीन र अमेरिकाप्रति नीति प्रष्ट नीति के हुनेछ ? यो महत्वपूर्ण प्रश्न मानिएको छ ।

नेपालको उत्तरी सीमा तिब्बतसँग जोडिएको छ, र बेइजिङको सुरक्षा चिन्तालाई ध्यानमा राख्दै नेपालले 'एक चीन नीति' मा हलचल गरेको छैन । बालेन सरकारले चीनको आर्थिक वृद्धिबाट नेपाल लाभान्वित हुनसक्ने अवसर हेरेको देखिन्छ । यद्यपि २०१७ मा चीनको बीआरआई स्वीकार गरे पनि बालेन सरकारले बीआरआई विषयमा के कस्तो नीति लिने हो ? यो जान्न अरू केही दिन कुनैपर्ने स्थिति छ ।

१९९० मा लोकतन्त्र पुनःस्थापना भएपछि, नेपालको राजनीतिक परिदृश्य नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीहरूले नै नियन्त्रण गरेका थिए । राजतन्त्रको अन्त्यपछि चीनको प्रभाव नेपालमा बढेको र तत्कालीन केपी ओली नेतृत्वको सरकार चीनको काखमा लुटपुटिएको भारतको आरोप थियो । अमेरिका कम्युनिष्ट नीति र व्यवहारप्रति असन्तुष्ट थियो ।

भैरहवा र पोखरा विमानस्थलमा भ्रष्टाचार हुनु, चीन र एडीवीको ऋणमा फस्नुलार्य अमेरिका र अन्य पश्चिमी राष्ट्रहरूले चीनको पहलमार्फत आफ्नो प्रभाव विस्तार गर्ने र नेपालजस्तो कमजोर देशलाई ऋणजालमा फसाउने आरोप लगाएका थिए । नभन्दै बंगलादेशमा कम्युनिष्ट विरोधी सरकार बन्यो, नेपालमा कम्युनिष्टको सफाया नै भयो भने पनि फरक पर्दैन । रास्वपा मध्यम प्रकारको प्रजातान्त्रिक पार्टी भएको मूल्याङ्कन भइरहेको छ । यसैबीच केही विश्लेषकहरूले अमेरिका, भारत र चीनबीच नेपालमा प्रभाव जमाउने प्रतिस्पर्धा बढेको बताएका छन् ।

सन् १९१४ मा स्थापना भएको संस्था अमेरिकाको संसद्कै पुस्तकालय 'लाइब्रेरी अफ कंग्रेस' अन्तर्गत सञ्चालित अमेरिकी संसद्को कंग्रेसनल रिसर्च सर्भिसले मार्च ३१ मा नेपालको नयाँ राजनीतिक नेतृत्व र सत्ता समीकरणबारे प्रतिवेदन प्रकाशित गरेको छ । प्रतिवेदनले जेनजी आन्दोलन, विद्रोह, अन्तरिम सरकार, निर्वाचन, तिवेतियनको चिन्तासम्म उठान गरेको छ । सत्ताका घुम्तीहरू फेरि आउने आँकलन छ । परिवर्तनको पृष्ठभूमि खोतलेको छ ।

अमेरिकाले ५० हजार डलरको एमसीसीलाई निरन्तरता दिंदै थप सहयोग पनि गरेको छ अर्थात् अमेरिकी राडारमा नेपाल परेकै छ ।

भू-राजनीतिक विश्लेषक भन्छन्- परिवर्तनले नेपाललाई परराष्ट्र सम्बन्ध पुनःसन्तुलन गर्ने अवसर दिएको छ । भारतको उद्देश्य प्रभाव कम नहोस् भन्ने हो, चीनको सुरक्षा चासो रहेको छ । अमेरिकाको भारत र चीनलाई साइजमा राखेर रणनीतिक भूमि नेपालबाट अमेरिकी चासो पूरा गर्नुरहेको छ । शक्तिराष्ट्रहरूको यो अवस्था नेपालका लागि अवसर र चूनौती दुबै हो । विकासमा साझेदारी बालेन सरकारले कसरी खोज्नेछ, र देशलाई समृद्धिमा लानेछ, यो नै वर्तमान यक्ष प्रश्न रहेको छ ।

# माल्दाइलाई अन्तिम चिठी

**माल्दाइ !**
धेरै समयपछि
आज फेरि तपाईंलाई
चिठी लेख्न मन लाग्यो
मनको वह तपाईं सामू
पोख्न मन लाग्यो ।
माइतीको सम्झनाले
यसैयसै मन एकतमास भएको बेला
माइतीको तिर्सनाले
मन त्यसैत्यसै ओइलाएको बेला
तपाईं सामू पोखिएर
छताछुल्ल हुन खोज्दै छु;
मनका वेदना, पीडा र चाहनाहरू
सबैसबै रित्याएर
हलुङ्गो हुन खोज्दै छु; माल्दाइ !
भन्ने ले त जे पनि भनिदिन्छन् माल्दाइ !
सुन्नै छ भनी सबै सुनी दिन्छु
तपाईंकी चेली भनेर
मलाई समेत होच्याए
गिज्याए र जिल्याए पनि
त्यसो त के नै नयाँ कुरा पनि हो र?
ओरालो लागेको मृगलाई
पाठोले पनि लखेट्यो त
के नै नयाँ भयो र !
हिजो तपाईंको प्रचण्ड तेजमा रापिनेहरू
बलेको आगोमा हात सेकाउनेहरू
तपाईंको नाउँमा
जिन्दावाद गर्नेहरूले नै पनि
तिनै हातहरू उचालेर
तपाईंलाई नै
धारे हात पनि लाए माल्दाइ !
मूर्दावादको नारा पनि घन्काए माल्दाइ !
तपाईंका पाउमा दाम राखेर दर्शन गर्नेहरू
तपाईंको नाउँसँग जोडिएर
शिर ठाडो पार्नेहरू
तपाईंकै शिरको मोल तोकेर
तपाईंको अस्तित्व नामेट पार्न
खोजेको पनि देखियो, माल्दाइ !
समाचार सुन्दै छु
समाचार हेर्दै छु
माइतीको हाल बेहाल छ
तपाईंको घर लथालिङ्ग छ
मेरो माइती भताभुङ्ग छ ।
माल्दाइ ! भन्न त उसो हुन्न कि
रिसानी माफ रहोस माल्दाइ !
सानो मान्छेको ठूलो कुरा पनि
नभन्दिनु होला माल्दाइ !
हिजो तपाईंले नै पनि
हाम्रो घर राम्ररी सम्हाल्नु भएन
पितापूर्खाको नासो
जोगाउन सक्नु भएन ।
मैले नै पनि कति निहोरा गरें
अनुनय गरें, विनय गरें
तर अहँ ! तपाईंले पटक्कै सुन्नु भएन
विद्वतजनलाई पाखा पार्नु भो
मुर्ख र बन्दुकेहरू बटुलेर
काखमा राख्नु भो
अयोग्यहरूका घेराभित्र बसेर
उनकै सल्लाहमा आँखा चिम्लेर लाग्नु भो
चाहिंदो नचाहिंदो जे पनि
गर्नु भो, गराउनु भो
निदानसेख घरै छोडेर
बचेरालाई विल्लिवाठ पारेर
निमुखा निर्धालाई विचल्लिमा छोडेर
तपाई त बनिबास लाग्नु भो माल्दाइ !
माल्दाइ ! तपाईं त जानु भो
उमेर भएकै थियो, जंगल पाउनु भो
तनावको जीवनबाट उन्मुक्त भएर
अमनचैनको जीवन विताउन पाउनु भा'छ
कन्दमूल खानु भा'छ, भजन जप्नु भा'छ
तर छहारी नै काटिएपछि
के हाल भो होला आश्रितको ?
तपाईंलाई केही थाहा छ ?
भैगो माल्दाइ !
अब बितेको कुरा पनि कति गरूँ म ?
अहिले कै कुरा गर्छु र मनभित्रका
अटेशमटेश पोख्छु
**माल्दाइ !**
हिंजो आज त ब्वाँसा र चितुवाहरू
मनुवाको खोल ओडेर
शहरभरि पसेका छन्
दाम्लो र गोठ पनि नभएका
आडम्बरी रक्तपिपासु
तिनै जनावरहरू
महलमा बसाईं सरेका छन्
विशाल अट्टालिकाका पटाङ्गिनीबाट
कङ्कलाशब्द गरेर एकनास
अहिले उनीहरू नै
शान्तिगीत गाँउदै छन्
अनि निरीह परेवाहरूको हाल
आज पनि उस्तै छ माल्दाइ !
ती बबुरा परेवाहरू
तपाईंको पालामा पनि
निरीह, निर्धा र सँधै त्रसित थिए
अहिले पनि उनीहरू
उत्तिकै डराएका छन्,
कोही भोकै छन्, कोही नाङ्गै छन्
छेपारा र पिपलपातेहरू
अवसरको फाइदा उठाउनमा
व्यस्त छन्, मस्त छन्
तागतिला स्वाभिमानिहरू
उतर्सिएर बाहिरिएका छन्
निर्धा, निमूखा र लुलाहरू
लाचार भएर,
शिर निहुरियाएर
अधमरो बाँचेका छन्; माल्दाइ !
**माल्दाइ !**
रक्सी उही हो
बोतल फेरिएका छन्
हिँजो एउटाले मोज गरेको
देख्न नसक्नेहरू नै
आज अनेकौं भएर पनि
मोजै गर्दैछन्
मेरो माइतीको ढिकुटी
रित्याउने खेल खेल्दै
प्रतिस्पर्धाको पराकाष्ठा नाघेर
नाच्दैछन् र रमाउँदै छन् ।
**माल्दाइ !**
भरखरै पटाक्षेप भएको छ
दृष्य फेरिने तरखरमा छ ।
तपाईं नै महान भन्ने आवाज
गुञ्जिन थालेको छ
अब तपाईं नै आउनु पर्छ
तपाईंले नै हाम्रो घर सम्हाल्नु पर्छ
भन्दैछन् ! भन्दैछन् ! भन्दैछन् !
अर्कातिर दसै औंला घिउमा डुबाउनेहरू
सन्तान दरसन्तानको बन्दोबस्त गर्नेहरू
हुन्न हुन्न र हुँदै हुन्न भन्दै छन्
उनीहरू पाखा पारिने खेल
खेल्नै हुन्न पनि भन्दैछन् ।
छिमेकीको चाला पनि
उहिलेकै जस्तै नै हो माल्दाइ !
उनको खेल सँधै झैं
बुझिनसक्नु छ



अथवा बुझेरै पनि
के नै हुन्छ र माल्दाइ !
ठूलो माछा सानो माछो खेलाइरहन्छ
रहर परून्जेल खेलाउला
भोक जागे मौका परे
क्वाप्लक्कै खाइ देला
कसले भन्न सक्छ र !
**माल्दाइ !**
विरालाले मुसाको अस्तित्व
जोगाइदिएको
इतिहास कतै लेखिएको छ र ?
सानो माछोको अस्मिता
ठूलो माछाले जोगाएको घटना पनि
पोखरीमा कहिल्यै घटेको छ र ?
थकित छु माल्दाइ !
गलित छु माल्दाइ !
विगत र वर्तमानको प्रताडनाले
जिर्णसिर्ण भइसकेकी छु; माल्दाइ !
यसबेला पनि
मेरो माइती जोगियोस्
म सँधै माइत भनी आउन पाऊँ
स्वाभिमानले उचालिएको शिर बोकेर
मेरो माइतमा
सँधैसँधै रमाउन पाऊँ !
कल्पँदै छु माल्दाइ !
तपाईं फर्केर मेरो माइती सिंगारे
**माल्दाइ !**
मेरो मरणान्त भावनालाई
संजीवनीको लेप लाग्ने छ
मेरो खुशीको सीमा फैलिने छ
मेरो उमङ्गले आकाश छुने छ ।
तर माल्दाइ !
हिंजोको कथा पनि मैले विर्सेको छैन
तपाईंकै जिम्माको
मेरो माइतीघर पनि
हामीले चाहेजस्तो, हामीले भनेजस्तो
कहिल्यै भएन
हुनै पर्ने पनि केही भएन
त्यसैले आज फेरि
तपाईं आउनु होला
मेरो माइतीघर सम्हाल्नु होला
मलाई आशा लागेको छ
तर विश्वास जागेको छैन
म भर पर्नै सकेकी पनि छैन ।
**माल्दाइ !**
मर्नु भन्दा बौलाउनु नीको भने झैं
परिवर्तनका लागि परिवर्तन मात्रै
अबका परेवाले थेग्न सक्ने छैनन्
माल्दाइ !
**त्यसैले माल्दाइ !**
हिंजो जे भयो सो भयो
परेवाको छातिमा टिल्पिलाएको
तपाईंको मायाँको झिल्को
विन्ति छ डडेलो नबनोस् माल्दाइ !
मायाँको डडेलोले त
मनै डडाउँछ
युगौंयुगसम्मको मायाको बिउसमेत
डडाउँछ सखाप पार्छ माल्दाइ !
त्यसैले सावधान माल्दाइ !
पाइला गनेर आउनुहोस
पाइला चालेर आउनुहोस
पाइला दह्रोसँग
जमिनमा टेक्न सक्नुहुन्छ भने
आउनुहोस माल्दाई !
मैले नभनी नहुने कुरा
धेरै छन् माल्दाइ !
अहिले तपाईंलाई नभनेर
पछि पछुतोमा पर्न पनि
म चाहन्न माल्दाइ !
**त्यसैले माल्दाइ !**
तपाईं आउनु पर्छ, आउनु होस्
मेरो माइतीघर सम्हाल्नु पर्छ
सम्हाल्नु होस्
तर हिजो
तपाईलाई घेरेर बस्ने ब्वाँसाहरू
घरै नास्न सुरिएर लागिपरेका
भुसको धुँवामा सल्केका झुम्राहरू
जस्तोसुकै बलियो काठ पनि
धुलो पार्ने धमिराहरू
सबैसबै
पन्साउने गरी आउनु होस्
साँचो अर्थमा मेरो माइतीघर
सुन्दर, शान्त, विशाल बनाउने गरी
निरीह परेवालाई स्वतन्त्र आकाशमा
निर्विघ्न उडान भर्न दिने गरी
पुस्तौंपुस्तासम्म तपाईंको गाथा
स्वर्णाक्षरमा कुँदाउने गरी
आउनुहोस् माल्दाइ; स्वागत छ ।
आउनुहोस माल्दाइ !
विवेकका आँखा उघारेर आउनुहोस्
हामी सबैलाई सँधैभरि
माया गर्न सक्नुहुन्छ भने
मेरो माइतीको स्वाभिमान
सगरमाथाभन्दा उँचो पार्न
र मेरो माइतीको अस्तित्व
युगयुगसम्म अक्षुण्ण
राख्न सक्नु हुन्छ भने
माल्दाइ ! तपाईं आउनु होस्
सुस्वागतम् ! सुस्वागतम् !!
सुस्वागतम् !!!

**□ इन्दिरा प्रसाई (फेसबुकबाट)**

# मुक्तक लेख्ने प्रयासहरू



मुकुट बनेर बसेकी छौ अमानवता मासीदिनु
लोभ- लालच, अराजकता जरैबाट छासीदिनु
हौ शीरशोभा तिमी हाम्रो ए भालेढुङ्गा !
शब्द भावनाको माला सद्भावले गाँसीदिनु ।

**- गीताश्री शर्मा**



दु:ख सुखको अनुभव लिएँ अब साल फेरियो
माफी माग्छु मन दुखेको भए साल फेरियो
जीवनमा अघि बढ्न सिकें नयाँ सोच बोकेर
दुश्मनलाई नि शुभकामना दिएँ साल फेरियो

**- अर्जुन अधिकारी**



मिसावट घटेन त्यो तीसको अझै तीस छ
मुनाफाको प्रलोभनमा बढ्दो आहारिस छ
आहार अनि विहार नै स्वच्छ छैनन् हाम्रा
सागपात र फलफूलमा सरोवरी विष छ ।

**- उत्तम विचार**



मैले निलो आकाश दिएकी थिएँ
जुनेली रातहरू दिएकी थिएँ
तर तिमीले कहिले बुझेनौं प्रिय
मेरा निस्वार्थ भावनाहरू दिएकी थिएँ ।


**- टीका चापागाईं**

# सेतो सुनखानी -नियाल्दा



*अरूणबहादुर खत्री*

कवि शम्भु अर्याल समसामयिक नेपाली कविताको क्षेत्रमा नयाँ नाम होइन । उनको सेतो सुनखानी नामक कविता सङ्ग्रह २०७५ असारमा पहिलो कृतिको रूपमा प्रकाशित भएको छ । यसभित्र आँधिखोला, अस्थिर बचपना नै उत्तम होइन र ?, आमा, कन्यादान, सागरको सर्जक मूल, प्राकृतिक शिखरको कृत्रिम चूली, निरङ्कुश




लोकतन्त्र ! लगायत ४१ वटा कविताहरू रहेका छन् । आँधिखोला शीर्षकको पहिलो कवितामा कुनै आमाले आफ्नो सन्तानलाई गाली गर्न सक्दिन मेरो यो गाली होइन स्मरण हो म यत्ति भन्न सक्छु भनिएको छ । मोफसलबाट साहित्यिक योगदानका खतिर डटिरहने खटिरहने केही समसामयीक कविहरूको गणना गर्दा कवि शम्भु पनि अग्रपङ्क्तिमा रहन्छन् । अस्थिर बचपना नै उत्तम होइन र ? शीर्षकको कविताभित्र तिम्रो अविदितताले सिकाउनेछ तिमीलाई एकदिन कि त पढेर कि त परेर असल के हो ? खराब के हो ? भनिएको छ । आमा शीर्षकको कवितामा छोरा ! कहाँ छौ तिमी ? कुन मुग्लानमा कुन देशमा सात समुन्द्रपारि म जस्तै तिमी त रूँदै हौला भनिएको छ । कन्यादान शीर्षकको कविताभित्र मेरो कल्पनाको संसार वर थियो त्यो पखेरूको वर शीतलता दिने वर भनिएको छ । म तिम्रो सागरको खानीमा इन्धन प्रसोधन गर्न आएको तिमीले पठाएको दूत तिम्रो काखले कमसेकम तिम्रो स्पर्श त पाएको छ सागरको सर्जक मूल शीर्षकको कविताभित्र कविले लेखेका छन् ।

जन्मदै कलम र काव्यको सागरमा
हुर्केको त्यो देवकोटा
आज, थाहा छ तिमीलाई
दुबइको मरूभूमिमा
फलामसँग लडिरहेछ ।

तिमीजस्ता हजारौंसँग फागु खेलेको छु म तिमी आफू-आफूमा म झ्यालबाट प्रहार गर्छु म चियाउँछु आँखिझ्यालबाट नेता शीर्षकको कवितामा कविले लेखेका छन् । सेतो सुनखानीको प्रकृति चित्रसँगै कविले विभिन्न दृष्यलाई कलात्मक रूपमा कवितामा प्रस्तुत गरेका छन् । कवि शम्भुले कविताभित्रको प्रेम कहिलेदेखि उत्पन्न भयो भनेर ठ्याक्क बताउन नसके पनि यति चै भन्ने गर्छन् साक्षर बन्नुभन्दा पहिले नै म कविताको मोहमा परिसकेको थिए । उनका अधिकांश कविता सकारात्मक चिन्तनका छन् सुखद बिम्बका छन् राष्ट्रले नयाँ मार्ग लेला, नानीहरू निर्भिक भएर उभिएलान् र उज्यालो बढ्दै जाओस् भन्ने कामनाका छन् ।

आमा
आउन त मन थियो
कसलाई हुन्छ र रहर
काटिबस्न मरूभूमिको कहर
प्रकृतिकी अनन्त प्रतिभा तिमी
तिम्रो रोग र भोक सम्झिदा
पत्रहरूमा तिम्रो शोक सम्झिदा ।

युगीन चेतना, नेपाली समाज, संस्कृति, प्रकृति अनि नेपाली राष्ट्रियताप्रतिको गहिरो आस्था र प्रेम साथै जीवनवादी जीवनदृष्टि यस सङ्ग्रहका कविताका आधारभूत प्रवृत्ति हुन् । सेतो सुनखानीका काव्य बिम्ब सोही प्रकारबाट सूर्यमुखी भएर देखा परेका छन् । संसारका कुनैपनि कविका लागि सबैभन्दा गाह्रो काम नै सरल कविता लेख्नु हो । किनभने सरल भन्ने शब्दको काव्यिक अर्थसित एकातिर कविता कसका लागि ? भन्ने सैद्धान्तिक प्रश्न जोडिन्छ । जसले कविको वैचारिक एवं दार्शनिक पक्षलाई सङ्केत गर्छ भने अर्कातिर यसले कविको काव्यिक भाषाको स्वरूपको पनि सङ्केत गर्छ । उनका कविता ज्यादै मार्मिक र पढ्न योग्य नै छन् ।

मेरो देशमा इन्द्रासनको भोग छ
क्रान्तिको विकृत रोग छ
वीर विवेकको भक्षक
इन्द्रासनको लक्षक
प्राप्तिमा मज्जाको फिलिम छ
विरोधमा जनताको चिलिम छ ।

कवि स्वतन्त्रताका पक्षपाती हुन् । उनलाई अँध्यारो हैन उज्यालो चाहिन्छ । चाहे जातिय विभेद होस् चाहे निरङ्कुश राजनीतिक बन्धन यी दुबैले जीवनलाई अभिशप्त पार्छ भन्ने विषयमा यिनी सचेत छन् । कवि शम्भुका कविताहरू भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्कनमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले पनि बेजोड र सशक्त छन् । शम्भुका कवितामा सृष्टिको रहस्य र यसको निरन्तरताको चक्र, स्रष्टा र जीवन विषयका अनेकौं गम्भिर प्रश्न र अनुमानित उत्तर छन् । वास्तवमा सबै स्रष्टा चिन्तन कलाकार पुग्ने अन्तिम बिसौनी जीवन हो अस्तित्व हो यसले चित्तलाई यो ब्रह्माण्डको आश्चर्यतिर लैजान्छ, मानिसको पीडा चिन्ता आक्रोश, लोभ आदि कुरा सबै पिसेर महत्वहीन धूलो पारिदिन्छ र यी व्यर्थका भ्रान्ति लडाइँबाट मुक्ति मिल्छ ।

कवि शम्भुले लेखेका कवितामा विषयवस्तुको विविधता पाइन्छ, त्यस्तै उनका शिल्प शैलीमा पनि विविधता भेटिन्छन् । सरल भाषामा बिम्ब र प्रतीकहरूको प्रयोग गरी लेखिनु यस सङ्ग्रहमा पाइने कविताका विशेषताहरू हुन् । उनका धेरै कविता अस्थानिक छन् सार्वदेशिक छन् नेपालभित्र बसेर यी कविता रचिएका हुन् भन्ने कुरा त प्रष्ट हुन्छ । उनी बृहत्तर क्षेत्रसित नेपालका व्यापक वर्तमानसित जोडिएका छन् । सरल र स्वाभाविक भाग सम्प्रेषणका कविताले आफ्नै समाज, संस्कृति र जीवनसंसारको अनुभूति प्रकट गरेको छ । ती अनुभूतिमा हाम्रै जीवनभोगाइ, हाम्रै परिवेश र हाम्रै दृष्टिकोणहरू छन् । प्रत्येक कविताले प्रकृति र जीवनको मीठो संयोजन गरेको छ । कवि शम्भुको आफूसँगको अभेद्य सङ्घर्षको अर्थपूर्णताले उनको काव्यजीवनमा धेरै नै उथलपुथल मच्चाएको छ । वास्तवमा जिन्दगीका उथलपुथल नै काव्य-यात्राको समुद्र-मन्थन हो । कवि भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्कनमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले सशक्त छन् । आगामी दिनमा उनका थुप्रै कृतिहरू प्रकाशित भईरहुन् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

***कृति: सेतो सुनखानी*** ***लेखक: शम्भु अर्याल***
प्रकाशन वर्ष: २०७५, असार प्रकाशक: शब्दहार क्रियशन्स, पृष्ठ: १७६




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# गरीब मुलुकमा कति धेरै धनी नेताहरू

बालेन सरकार बन्यो, सरकारमा पुग्नेहरूसँग कति धेरै धन रहेछ। तर यिनीहरू कोही पनि अहिलेसम्म सत्तामा पुगेका नेताहरू होइनन्। यिनले पदमा बसेर भ्रष्टाचार गरेका छैनन्। यिनीहरूले काम गरे, बपौती पनि रहेछ, यसकारण वर्तमान बालेन सरकारका मन्त्रीहरू सुनचाँदी, जग्गा, बैंक ब्यालेन्स प्रशस्तै देखाएका छन्। चाहेको भए यिनले लुकाउन पनि सक्थे। इमान भएपछि कर तिरेको सम्पत्ति देखाउन के को लाज, कस्को डर ? तथापि कर तिरेको हो कि होइन भनेर प्रतिपक्षीले प्रश्न उठाएका छन्। सरकारले सम्पत्ति छानबिन आयोग बनाएको छ, यो आयोगले सबैको छानबिन गर्ला नै।

इतिहासमा एउटा घटना छ। बंगलादेशका निर्माता जियाउर रहमानको देहाबसान भएपछि उनले च्यातिएको पेटीगन्जी लगाएको देखियो। बैंक ब्यालेन्स केही रहेनछ। उनी १९७७ देखि ८१ सम्म शक्तिशाली राष्ट्रपति बनेका थिए। १९८१ मा उनको हत्या गरियो। त्यसपछि उनी देशका लागि भ्रष्टाचार नगरेका र च्यातिएको पेटीगन्जीमा देखिएका थिए।

नेपालमा राजतन्त्र नै ठूलो समस्या हो। शान्ति, स्थिरता, विकासको बाधक हो भन्ने भाष्य खडा गरेर दलपतिहरूले ठूलै आन्दोलन गरे, २०४६ सालमा बहुदल आयो, बहुदलले देशलाई भ्रष्टाचार र अनैतिकताको कालरात्रि बनायो। त्यसपछि जनयुद्धकारी माओवादी र प्रजातान्त्रिक पार्टीहरू मिलेर आन्दोलन गरे, २०६३ सालको परिवर्तन भयो। कम्युनिष्ट र प्रजातन्त्रवादीहरू मिलेर २०६५ मा राजतन्त्र फालेर गणतन्त्र घोषणा गरे। गणतन्त्रको १७ वर्षपछि जेनजी बिद्रोह निम्त्याइयो। यो बिद्रोह कुशासन र भ्रष्टाचार, परिवारबाद र असमानताविरूद्ध थियो। २७ घण्टामा २०४६ सालदेखिको राजनीतिक संरचना ध्वस्त हुनपुग्यो। शासक प्रशासकहरूको भागाभाग भयो। यसपछि अन्तरिम सरकार बनेर फागुन २१ गते चुनाव भयो, चुनावमा जनताले मौन बिद्रोहका साथ मतदान गरे, पुराना पार्टी र बिरासतलाई धुलिसात बनाइदिए।

यसपछि आएको छ, युवा शासक, नयाँ परिवर्तन।

यो परिवर्तनले भ्रष्टाचार गरेर सम्भ्रान्त बनेका शासक प्रशासकको सम्पत्ति छानबिन गर्नेछ। आयोगले काम थालिसक्यो, भ्रष्टाचारीहरूको निधारमा खलखली पसिना छुट्न थालिसकेको छ। सर्वहारा सामन्त बनेका छन्, प्रजातन्त्रवादी भ्रष्टाचारका नाइके बनेका छन्, लोकतन्त्र भन्नेहरू लुटतन्त्रमा रमाइरहेका छन्। ती सबैको सम्पत्तिमा आयोगले खरी घसेपछि राष्ट्रिय सम्पत्ति र पदीय दुरूपयोग गर्नेहरू सबैको मुखुण्डो उत्रनेछ।

मर्न त सबै मर्छन् एकदिन। देश र जनताको लागि त्याग र तपस्या गर्नेहरूको मृत्यु मरेर पनि सम्झना गरिन्छ। भ्रष्ट र राष्ट्रघातकहरूको मृत्यु जिउँदै घृणाले मर्छन्, मरेपछि कलंकित इतिहासमा मरिरहन्छन्। विदेशलाई सत्ता र शक्तिको तीर्थ सम्झने हाम्रा नेताहरूले बुझ्न सकेनन्- पेरिसमा धोएको लुगा लगाउने र लण्डनमा पढेका नेहरूले सत्तामा पुग्नासाथ बहुमूल्य आनन्द भवन देशलाई किन सुम्पिए ? हाम्रा नेताहरू त देश चुसिरहेका छन्। पदमा हुन्जेल राष्ट्र लुट्ने, अवकाशपछि विशिष्टका नाममा राष्ट्रबाट भत्ता र सुविधा लिइरहने। हालै झलनाथ खनाल र केही नेताले भनेका छन्- हाम्रो घर बनाइदिनुपर्छ, हामीलाई बाँचुन्जेल जीवन निर्वाह भत्ता दिनुपर्छ। निर्लज्जताको यो हद लोकतन्त्रको मजाक नभए के हो ? जसले राजनीतिलाई व्यापार बनाए, पद पाउँदा लुटे, पद नपाउँदा ओखती खर्च, सर्प पालन, प्रतिष्ठानका नाममा ठगिरहे, तिनको छानबिन गर्दा कति स्रोतबिनाको सम्पत्ति देखिएला, भेटिएला। ३१ खर्ब विदेशी ऋण नाघिसक्यो, देश गरीव छ, धनाढ्य नेताहरूको लामै सूची देखिन्छ। गरीबको देशका विशिष्ट नामधारी सर्पहरूलाई छोड्नु हुन्न।

# सिंहदरवारमा आत्मनिर्णय स्थापित होला त ?




प्रधानमन्त्री बालेन साहले सातै प्रदेशका प्रमुखहरूसँग संवाद गरिसकेका छन्। सबै दलका सांसद, समानुपातिक सांसदहरूसँग पनि छलफल भयसकेको छ। विदेशी कूटनीतिज्ञहरूसँग पनि सामुहिक छलफल गरेर कुरा सुनेको र सरकारका प्राथमिकता जानकारी गराइसकेका छन्। अर्थात् प्रधानमन्त्री बालेन साहले देश बुझे, जेनजी पुस्ताबाट त उनी आफै आएका र जेनजी आन्दोलन आफैले देखेकाले अब उनले तत्काल गर्नुपर्ने काम, शासकीय सुधारका कामलाई तीब्र गतिमा बढाउनु पर्नेछ।

बालेन सरकारले तकाल गर्नुपर्ने केही कामहरू छन्, प्राथमिकता दिनुपर्छ।

*पहिलो सुशासन र भ्रष्टाचार नियन्त्रण :*

मुहान स्वच्छ भयो भने चुहान स्वच्छ हुनेछ। प्रधानमन्त्री स्वच्छ र नैतिकवान भइदिएपछि प्रशासन स्वत: स्वच्छ र नैतिकवान हुनेछ।

*भ्रष्टाचार विरोधी महाअभियान:*

भ्रष्टाचार विरोधी अभियानका लागि छानबिन समिति बनाइसकेका छन्। प्रतिषोध नदेखिने गरी दल-केन्द्रित दोहन, लाइसेन्स राज र बिचौलियाको प्रभुत्व अन्त्य गर्न बालेन सरकारले कडा कदम चाल्नैपर्नेछ। नबोली नबोली कामबाट बोल्ने बालेनको शैली यतिबेला विश्वभरि नै चर्चाको विषय बनेको छ। बालेनको सफलतामा जेनजी पुस्ताको सफलता पनि निहित रहेको देखिन्छ।

*डिजिटल सेवा विस्तार:*

नागरिकता, पासपोर्ट, लाइसेन्सजस्ता सेवाग्राहीले तत्काल खोजेका सेवामा सुधार आउन थालिसकेको छ। सिंहदरावरदेखि पालिका तहसम्म सरकारी सेवाहरूलाई सर्वसाधारणले सहजै प्रयोग गर्नसक्ने गरी डिजिटलाइजेशन अनिवार्य गर्नु बालेन सरकारको चुनौती हो। यसले पारदर्शिता र दक्षता बढाउँछ। राज्य जनपयोगी छ, सरकार मेरो भन्ने भावना बढाउँछ।

*आर्थिक पुनरूत्थान:*

रोजगारी सिर्जना र उत्पादन नबढाएसम्म निर्यात हुनसक्दैछ। परजीवीपन हटाउन सके आर्थिक पुनरूत्थान हुनेछ। हिमाल, पहाडको उत्पादन तराई, सहरसम्म पुऱ्याउने संरचना निर्माणमा ध्यान दिनु जरूरी छ।

*रोजगारी सिर्जना:*

हुन त सरकार प्राविधिकहरू खटाएर बन्द रहेका उद्योगधन्दा खोल्ने र विदेशी लगानी भित्र्याएर उत्पादन र रोजगारी बृद्धि गर्ने काम थालिसकेको छ। न्यून प्रतिव्यक्ति आय र युवाहरूको बेरोजगारीलाई सम्बोधन गर्न उद्योग, कृषि र पर्यटनमा लगानी बढाउनु, भित्र्याउनु छ। रोजगारी सिर्जना महत्वपूर्ण हो।

*बजेट प्राथमिकता:* प्रदेश भार भयो भन्ने जनधारणा छ। प्रभावहीन छ भने संविधान संशोधन गरेर पालिकाहरूलाई शक्तिशाली बनाएर प्रदेशमा खर्च हुने खवौं रकम पालिका मार्फत लगाउन सके वाहवाही हुनेछ।

*गुणस्तरीय स्वास्थ्य सेवा:* महँगो र कमजोर स्वास्थ्य प्रणालीलाई सुधार गर्दै सर्वसाधारणलाई सस्तो र गुणस्तरीय उपचार उपलब्ध गराउन जरूरी छ। कतै अभाव, कतै फालाफाल, हिमाल पहाडमा सिटामोलसम्म नपुग्ने स्थितिमा सुधार गर्नु सरकारको कर्तव्य हो।

*निशुल्क शिक्षा:*

सकभर माष्टर तहसम्म निशुल्क शिक्षाको व्यवस्था गर्नुपर्छ। शिक्षामा राजनीतिकरण रोकेर प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिँदा रोजगारी र उत्पादनशीलता बढ्ने देखिन्छ।

राष्ट्रिय सहमति निर्माण: सबै दलहरूसँग सहमतीय राजनीतिको सुरूआत भएको सन्देश बालेन सरकारले दिइसकेको छ। सत्ता र विपक्षी दलहरूको नीति समेटिएको साझा दस्तावेज तयार पारिएको छ। यसलाई कार्यान्वयन गर्दै राजनीतिक स्थिरता र दीर्घकालीन विकास सुनिश्चित गर्नुपर्नेछ। बालेन सरकारका लागि धेरै सकारात्मक अवसर छ। गल्ती गर्ने छुट छैन।

*राजनीतिक प्रतिरोध:*

विपक्षी दल वा पुरानो संरचनाबाट सुधारमा अवरोध हुनसक्छ। तर विपक्षीहरूमा जनादेशका सामु ह्वात्तै बिरोध गर्ने नैतिक साहस देखिदैन।

बालेन सरकारबाट जनताले तत्काल देख्ने परिवर्तन चाहिरहेका छन्। भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, स्वास्थ्य-शिक्षा सुधार र साझा राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयन नै उनको नेतृत्वको विश्वसनीयता र दीर्घकालीन सफलताको आधार हो भन्नेमा शंका छैन। यसैका लागि जनताले विश्वास गरे, रवि लामिछाने र बालेन साहको रास्वपा जोडीले चुनावमा लहर ल्याए। जनताले राजनीतिक परिवर्तन दिए। परिवर्तन दिने जनताले खोजेजस्तो परिवर्तन पाउलान् कि हात लाग्यो शून्य होला ?

०४६ र ०६३ को परिवर्तनमा पनि जनताले राजनीतिक परिवर्तन दिएका थिए, जनताले खोजेजस्तो परिवर्तन पाएनन्। रास्वपाको उदय भएको छ, यो नेतृत्व परिवर्तन हो, जेनजी पुस्तामा नेतृत्व पुगेको हो। यो परिवर्तित नेतृत्वले शासनमा असफलता, भ्रष्टाचार र संस्थागत जडताबाट प्रताडित जनताले आफ्ना आशा र अपेक्षाको पूर्ति हुने चाहना राखेका छन्। जनचाहनामा ठेस लाग्यो भने जनताको भरोसा टुट्नेछ।

रास्वपा सत्तामा पुगेको छ, सक्षम शासन देखाउनु छ। यतिबेला नेपालीले विचार खोजेका छैनन्, शासन प्रशासनमा परिवर्तन चाहेका छन्। जनताले अपनत्व लिनसक्ने परिवर्तन खोजेका छन्।

बालेन प्रधानमन्त्री बनेपछि सय दिनदेखि नै परिवर्तन दिने देखाउने गरी काम गरिरहेको देखिन्छ। शासनमा सुधार, सेवाग्राहीले सुलभ सेवा, भ्रष्टाचारको अन्त गर्नेगरी बालेन सरकार अघि बढेको छ। नेपाल फस्ट नीति घोषणा गरेको बालेन सरकारले ५ वर्षपछिको नेपालको चित्र देखाउने भनेको छ। अब देखिनुपर्छ विदेशबाट फर्किएका युवाको सीप, साधन, स्रोतमा आत्मनिर्भरताका उद्यमहरू, समानता र सक्षमताको कदर, नेपोटिजमको अन्त, दण्ड र पुरस्कारको स्थापित मान्यता, डिजिटल शासन, पूर्वाधार र अन्य निर्माणका अध्यायहरू, खासगरी गुमेको वैदेशिक विश्वासको पुनर्स्थापना र राष्ट्रियताप्रतिको गहिरो आत्मविश्वास। भ्रष्टाचारको अन्त भयो भने त्यही विन्दुबाट सुशासनको जग र जरा देखिनेछ, समृद्धिको घाम झुल्किनेछ। परिवर्तन भयो भन्न सकिनेछ।

निर्वाचनमा परिवर्तन चाहिएको थियो, जनताको मौन बिद्रोहले परिणाम दिएको छ। कुनै पनि नेता वा पार्टीले विश्वास नै नगरेको आँधी आयो, रास्वपाले स्थिर सरकार दिने जनादेश पायो। अब पालो रास्वपाको हो, जसले जनताको जनादेशको अन्तर्निहित मर्म बुझ्नुपर्छ, जनआकांक्षाको परिपूर्ति गर्न कम्मर कसेर लाग्नुपर्छ। समय कम छ, असक्षमता देखियो भने जनताको मन फेरि निराश हुनसक्छ। जनतालाई हौस्याउने काम बालेन सरकारले गर्नैपर्छ।

डेलिभरि पहिलो सर्त हो बालेन सरकारका लागि। दक्ष सार्वजनिक सेवा, पारदर्शी प्रशासन, भरपर्दो पूर्वाधार, र गाउँ, नगरपालिकाहरूमा आर्थिक अवसर जनताका चाहना हुन्। संक्षेपमा भन्नुपर्दा, देशभित्रै गरिखाने वातावरण जनताका माग हुन्। यसैका लागि जेनजी विद्रोह भयो, पुरानो सत्ताले नोज डाइभ गऱ्यो, जेनजीको शासनको सुरूआत भयो। राजनीतिक परिवर्तनको नयाँ अध्याय सुरू भएको छ। यो अध्यायको मूल्याङ्कन आगामी सयदिनबाट नै सुरू हुनेछ। अहिले विपक्षीहरू पनि बालेन सरकार र रास्वपाले कहाँ कहाँ गल्ती गर्नेछ भनेर हेरिरहेका छन्। आलोचना हुने निर्णयहरूमा जब्बर भएर बालेन सरकार चल्नुपर्नेछ।

कहिले बहुदल भनेर, कहिले लोकतन्त्र गणतन्त्र भनेर तीन ठूला दल र तिनको वरिपरि घुम्ने साना दलहरूले समेत देश र जनतालाई लुट्नुसम्म लुटेका छन्। ३७ वर्षदेखि तीन प्रमुख दल नेपाली कांग्रेस, एमाले, नेकपा माओवादी (हाल नेकपा) आलोपालो, गठबन्धन गरेर सरकार चलाइआएका थिए। फागुन २१ को चुनावमा यो बिरासतको अन्त भएको छ। पञ्चायत थियो, त्यसलाई २०४६ सालमा मिल्काउन यी तिनै दलहरूले भूमिका खेलेका थिए। त्यसपछि भ्रष्टाचार र अनैतिकताका कारण दलीय कालरात्रि सावित हुनपुग्यो। २०६३ सालमा पनि राजनीतिक दलहरूले नै राजतन्त्र किनारा लगाउन भूमिका खेले, लोकतान्त्रिक गणतन्त्र ल्याए। तर यो अवधिमा पनि भ्रष्टाचार, कुशासन, नेपोटिजम र अनैतिकताको निरन्तरता रोकिएन। जनता साह्रै निराश हुनपुगे। विदेशी विश्वास सकियो, विदेशीले फ्रडहरूको देश भनेर खुलेआम भन्न थाले। बिगत १७ वर्षको लोकतान्त्रिक गणतन्त्रमा झन बढी कुशासन हुनपुग्यो, भ्रष्टाचार र नीतिहीनताले सीमा नाघ्यो। पार्टीहरूका सिद्धान्त सकियो, नेताहरूले नैतिक चरित्र गुमाए। फ्रडको कलंक भिरे।

२०६५ साल जेठ १५ गते अवैध तरिकाले राजतन्त्र फालियो, २०७२ मा संविधान जारी गर्दा धार्मिक स्वतन्त्रताका ठाउँमा जालझेल गरेर जनताको सुझाल लत्याइयो, धर्मनिरपेक्षता शव्द लेखेर संविधान जारी गरियो। यो मुद्दा झन झन पेचिलो बन्दै गएको थियो। एकातिर दलीय अराजकता, अपराधिक राजनीति, अर्कोतिर राजनीतिक मुद्दाहरूलाई संवोधन गरिएन, जनतामा आक्रोश बढ्दै गएको थियो। जनतालाई दमन गरेरै शासन चलाउन पल्केका स्थापित दलहरूविरूद्ध गत भदौ २३ र २४ मा जेनजी आन्दोलन, विद्रोहको ज्वालामुखी फुट्यो। लोकतन्त्र र गणतन्त्र खरानी हुनपुग्यो, संविधान समाप्त भयो। त्यसपछि अन्तरिम सरकार बन्यो र चुनाव गरायो, चुनाव शान्तिपूर्ण भयो, तर परिणामले स्थापित दलहरूलाई बढाऱ्यो। राजनीतिक परिवर्तन आयो।

रास्वपाको विजय र बालेन साहको उदय स्थापित दलहरूविरूद्धको मौन जनविद्रोह हो। परिवर्तनको खोज हो। राजनीतिक रूपमा नयाँ सिद्धान्त जनताले खोजेका होइनन्, जनमुखी शासन हुनुपर्छ भन्ने पक्षमा उभिएका हुन्। जम्माजम्मी १९ मिनेट भाषण गरेका बालेन साहले चुनाव जिते, रास्वपाले चुनाव जित्यो। सरकारमा गयो। सरकारमा पुगेपछि पनि प्रधानमन्त्री बालेन साह बोलेका छैनन्। बालेन भाषणमा होइन, काममा विश्वास गर्ने व्यक्तिका रूपमा देखिएका छन्।

बालेन साह र रास्वपा सुधारका पक्षमा घण्टी बजाए, बजाइरहेका छन्। जनतालाई यो घण्टीको आवाज साह्रै मनमोहक लागेको छ। जनअपेक्षाअनुसार काम गर्न सके जनताको आकर्षण घट्ने छैन। काम गर्ने नीतिको स्थिरता, अनुशासित राजनीतिक नेतृत्व र संस्थागत सुदृढिकरण रास्वपा र बालेन साहको प्रमुख चुनौति हो।

रास्वपाले जनताले खोजेका विषयहरू समावेश गरेर जनतासँग करार गरेका छन्, बाचापत्र सार्वजनिक गरेका छन्। सय दिन शासकीय सुधार गर्ने भनेका छन्। संविधान सुधार गर्न बहस सुरू भइसकेको छ। बन्द उद्योग खोल्ने, उत्पादनशील लगानी बढाउने, वैदेशिक लगानी आकर्षित गर्ने, संक्रमणकालीन न्याय सम्पादनदेखि सहकारी पीडित, मिटरव्याज पीडित, हिंसा, हत्या बलात्कार पीडितहरूलाई न्याय दिनु सर्वाधिक महत्वका विषय हुन्। यसकारण जनतामा प्रश्न उठेको छ, रास्वपाको घण्टीको लहरले परिवर्तन त ल्यायो, जनतालाई परिवर्तनको आत्मानुभूति गराउन सक्ला ?

जनता साह्रै निराश थिए, बालेन सरकारले जनतामा आशा जगाउनु पर्नेछ। विश्वास दिलाउनु पर्नेछ। जनताले खोजेको परिवर्तन त्यही आशाको दियो बल्नु हो। दियो बाल्नु छ।

यतिबेला स्थापित तीन दल नेपाली कांग्रेस, एमाले र नेकपा (माओवादी) म्याद नाघेको ओखतीजस्तो हालतमा पुगेका छन्। यी तिनै पार्टीभित्र नेतृत्व पुस्तान्तरणको मुद्दा बहसमा छन्। पुस्तान्तरण नहुँदा ती पार्टीका कार्यकर्ताले समेत आफ्ना पार्टी र नेताका अगाडि साखुल्ले पल्टिए, निर्वाचनका दिन घण्टीमा मत हाले, मत दिन उक्साएका अनेक घटना छन्। यो कुरा ती पार्टीले बुझेनन् र नेतृत्व परिवर्तन गर्दै नैतिक र सैद्धान्तिक रूपमा संगठन बिस्तारमा ध्यान दिन सकेनन् भने ८ दशकसम्म पुराना दलहरू ५ वर्षपछिको चुनावमा पनि पुछारतिरै देखिने छन्।

आर्थिक क्षेत्र सुधारका लागि रास्वपाले नियामक सुधारमार्फत वृद्धि तीव्र पार्ने, वार्षिक ७ प्रतिशत आर्थिक वृद्धि, प्रति व्यक्ति आय ४३ हजार भन्दा माथि पुऱ्याउने र पाँच वर्षभित्र राष्ट्रिय अर्थतन्त्रलाई ४१०० अर्बमा पुऱ्याउने लक्ष्य किटान गरेको छ। यसका लागि व्यवसाय गर्न चाहनेलाई सुलभता, कानुन लचकता, झण्झट झमेलाको अन्त गर्ने र सहकारीदेखि फाइनान्ससम्म कडा निगरानी गरिने नीति अवलम्बन गर्ने भनेको छ। यो नीतिले उत्पादन र निर्यातमा बृद्धि हुनेछ भने यातायात, उर्जा विकास आदि चौतर्फी क्षेत्रमा सकारात्मक प्रभाव पर्नेछ। यही नीतिभित्र रोजगारीको बृद्धि समेत समेटिएको छ।

संसदबाटै सत्तारूड दलका सभापतिले शिर झुकाएर दलितसँग माफी मागेका छन्। सरकारले पनि मागी माग्नेछ। अर्थात न्यायपूर्ण समाजको लागि रास्वपा र बालेन सरकार प्रतिवद्ध देखिएको छ। यहीँबाट शासन सुधारको पाइला चलेको बुझ्न सकिन्छ। विश्व बैंकको ग्रेसूचीबाट हट्न सम्पत्ति शुद्धीकरणका निर्णय भइसकेको देखिन्छ। न्याय, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा सरकारले विशेष योजनाहरू लागू गर्ने निर्णय गर्दैछ। अब सेटिङ र पार्टीकरणको अन्त सुनिश्चित हुँदैछ। विधिको शासनको आधार बालेन सरकारले महत्व दिएको देखिन्छ।

रास्वपाको सिद्धान्त जनादेशको संवोधन हुनपुगेको छ। शासनमा सुधारको प्रदर्शन बालेन सरकारको प्राथमिकता देखिन्छ। राजनीतिक संस्कृतिले नयाँ मोड लिन लागेको छ। यो मोड जनताको पक्षमा होला त ? यही सवालको जवाफमा रास्वपा र बालेन साहको सफलता वा असफलता मापन हुनेछ। पुराना दलहरूलाई ३७ वर्ष दिने जनताले आफूलाई पनि ५ वर्ष देलान् भनेर बालेन वा रास्वपाले नसोचे हुन्छ। जेनजी पुस्ता आक्रामक छ, यो पुस्ताले रोजेजस्तो, खोजेजस्तो अवसर पाएनन्, विधिको शासन देखेनन्, उही पुरानै नेपोटिजम हुनथाल्यो भने छिटै अर्को परिवर्तनको आगो बल्न बेर लाग्नेछैन।

***रास्वपा र बालेनलाई चेतना भया।***

# सरकारी विज्ञापन नियन्त्रणको निर्णय प्रेस स्वतन्त्रतामा दबाब



**डा. केदार कार्की**

नेपाल सरकारले संघीय, प्रादेशिक र स्थानीय सरकारी अधिकारीहरूले निजी सञ्चार माध्यमहरू हरूमा गर्ने सबै विज्ञापनहरूमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ। प्रधानमन्त्री कार्यालयले यो निर्णय देशभरका सबै मन्त्रालय, आयोग, सात प्रादेशिक मुख्यमन्त्रीहरूको कार्यालय र स्थानीय सरकारहरूलाई जानकारी गराएको छ। यसको उद्देश्य वित्तीय विवेकलाई प्रवर्द्धन गर्नु, आधिकारिक सूचनाहरूको प्रकाशन र प्रसारणमा पारदर्शिता सुनिश्चित गर्नु र राज्य सञ्चार माध्यमहरूलाई सुदृढ पार्नु हो। गत बुधवारपत्रमा भनिएको छ कि यो कदम "किफायती कायम राख्न, विज्ञापन र सूचनाको प्रसारमा पारदर्शिताको ग्यारेन्टी र राज्य सञ्चार माध्यमहरूको प्रवर्द्धनलाई प्रवर्द्धन गर्न" लिइएको हो।

नेपालमा विश्वका अधिकांश देशहरू जस्तै लोकतान्त्रिक प्रणाली छ। सरकारहरू नागरिकहरूद्वारा गठन हुन्छन्। यसका लागि नागरिक र सरकार बीच राम्रो सम्बन्ध हुनुपर्छ। सरकारका गतिविधिहरू र विकास कार्यक्रमहरू जनतामा उपलब्ध हुनुपर्छ। सरकारले नागरिकहरूका लागि के गरिरहेको छ भन्ने बारेमा जनतामा सजिलै पुग्न सरकारले धेरै तरिकाहरू अपनाउँदै आएको छ। यसमा, यसले पत्रपत्रिका, रेडियो, टेलिभिजन, जनमत, विज्ञापन जस्ता उपकरणहरू प्रयोग गर्दछ। यसले जनतालाई जनताको हितको लागि सरकारले के गरिरहेको छ भनेर सजिलै बताउँछ। विज्ञापन जनसम्पर्कमा एकतर्फी सञ्चार वा प्रकाशन हो। प्रतिक्रिया दिन वा विचार व्यक्त गर्न सम्भव नभए पनि बुझ्न सम्भव छ। कहिलेकाहीँ सामाजिक मूल्यमान्यता र जनहितका कारण विज्ञापनले प्रमुख भूमिका खेल्छ। आजको सूचना प्रविधि युगमा, विज्ञापनले सरकारलाई बलियो बनाउँछ र कहिलेकाहीँ परिवर्तन गर्छ। विज्ञापन सरकारको लागि जनतासँग कुराकानी गर्ने सजिलो तरिका हो।

जनसम्पर्क भन्नाले माइक क्यामी भन्छन्, *"जनसम्पर्क भनेको नोकरशाही र नागरिकहरू बीचका सबै महत्त्वपूर्ण र साना सम्पर्कहरूको योगफल हो र यी सम्पर्कहरूले उत्पादन गर्ने प्रभाव र मनोवृत्तिको कुल प्रभाव"*। यो परिभाषा भनेको जनता र शासक वर्ग बीचको पारस्परिक सम्पर्क हो।

सरकार वा प्रशासन र नागरिकहरू बीचको सम्बन्ध प्राचीन कालदेखि नै रहेको छ। राजाहरूको शासनकालदेखि नै राजाले गर्ने सबै कार्यहरू नागरिकहरूलाई जानकारी गराइन्थ्यो। राजा र नागरिकहरू बीचको सम्बन्ध प्रचार र जासुसी मार्फत थाहा हुन्थ्यो। आधुनिक समयमा, शासक वर्ग र जनता बीचको सम्बन्ध वा सम्बन्ध व्यापक छ।

विज्ञापन भनेको उत्पादन वा सेवाको बिक्रीलाई प्रवर्द्धन गर्न, वा संस्था, संस्था वा राजनीतिक पदका उम्मेदवारको तर्फबाट सन्देश प्रवर्द्धन गर्न डिजाइन गरिएको व्यावसायिक आम सञ्चारको एक रूप हो। विज्ञापनको प्रमाण हजारौं वर्ष पुरानो संस्कृतिहरूमा पाउन सकिन्छ, तर यो २० औं शताब्दीमा मात्र एक प्रमुख उद्योग बन्यो। आज, यो उद्योगले लाखौं मानिसहरूलाई रोजगार दिन्छ र अरबौं मानिसहरूको व्यवहार र खरिद बानीलाई प्रभाव पार्छ। विश्वव्यापी रूपमा, विज्ञापन खर्च अहिले वार्षिक ४३५० अर्ब भन्दा बढी छ।

अब, यसलाई एक आवश्यक आर्थिक र सामाजिक लाभको रूपमा मान्यता दिइएको छ। यसले मिडियाको लागि राजस्व उत्पन्न गर्छ, मिडिया सामग्री वा समाचारको लागतमा अनुदान दिन्छ, र मानिसहरूलाई नयाँ सुरू गरिएका उत्पादनहरू बारे सचेत हुन मद्दत गर्दछ। यद्यपि, विज्ञापनले अब मिडियामा प्रभुत्व जमाउँछ र लोकप्रिय मापदण्डहरू सेट गर्ने शक्ति छ। विज्ञापनलाई सामाजिक जीवन र अर्थतन्त्रलाई प्रभाव पार्न सक्ने शक्तिशाली संस्थाको रूपमा मान्यता दिइएको छ। यसबाहेक, आर्थिक इतिहासकार डेभिड पोटरले अवलोकन गरेझैं, *"विज्ञापनले अब स्कूल र चर्च जस्ता पुराना संस्थाहरूलाई यसको सामाजिक प्रभावमा प्रतिस्पर्धा गर्छ। यसले सञ्चार माध्यमहरूमा प्रभुत्व जमाउँछ, लोकप्रिय मानदण्डहरूलाई आकार दिने अपार शक्ति छ, र वास्तवमा सामाजिक नियन्त्रण प्रयोग गर्ने धेरै कम संस्थाहरू मध्ये एक हो।"*

विज्ञापन बढ्दो रूपमा अन्तर्राष्ट्रिय हुँदै गइरहेको छ। पहिलेभन्दा पनि बढी, निगमहरूले नयाँ ग्राहकहरूको लागि आफ्नै सीमाभन्दा बाहिर खोजिरहेका छन्। छिटो ढुवानी विधिहरू, बहुराष्ट्रिय निगमहरूको वृद्धि, विश्वव्यापी रूपमा बढ्दो व्यक्तिगत आय स्तर, र कम व्यापार अवरोधहरूले देशहरू बीचको व्यापारलाई बढावा दिएको छ। निगमहरूले नयाँ बजारहरू खोल्दै र विश्वका धेरै क्षेत्रहरूमा आफ्ना उत्पादनहरू बेच्दै जाँदा, तिनीहरूले ती क्षेत्रहरूमा आफ्ना उत्पादनहरूको विज्ञापन पनि गरिरहेका छन्।

तर यो तथ्य हो कि १९९० को दशकमा पश्चिम र दक्षिण एसियाका धेरै प्रमुख अखबारहरूले मूल्य कटौती गरेको देखेका छन्। नेपाली विज्ञापन उद्योगले फड्को मारेको छ, विशेष गरी १९९० मा देशमा प्रजातन्त्र पुनर्स्थापना पछिको पछिल्लो दशकमा। खुला आर्थिक र बजार नीति र अन्तर्राष्ट्रिय सम्बन्धका कारण विज्ञापन उद्योगको विकास भएको छ र साथै छापा माध्यमको विश्वसनीयता पनि बढेको छ। अखबार र इलेक्ट्रोनिक मिडियाको प्रसार र यसका प्रयोगकर्ताहरूको विज्ञापनको मात्रामा पनि वृद्धि भएको छ। १९९० देखि पहिले, पञ्चायत व्यवस्थाको समयमा (१९६१-१९९०) उद्योग धेरै कम प्रोफाइलमा थियो, कम मिडिया थिए र उपभोक्तावाद पनि विकसित भएको थिएन।

नेपालको निजी र सार्वजनिक क्षेत्रमा धेरै प्रकारका विज्ञापनहरू छन्। यसमा सार्वजनिक स्थान, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल र मोबाइल एपहरूमा विज्ञापनहरू समावेश छन्। सरकारले नागरिकहरूमा चेतना र ज्ञान सिर्जना गर्न विज्ञापनहरू प्रयोग गर्दछ। सरकारले शिक्षा, स्वास्थ्य, आवास, सिँचाइ, सडक, कनेक्टिभिटी आदि क्षेत्रहरूको बारेमा जानकारी प्रदान गर्न चाहन्छ। यसले जनताको जर्नल र आकांक्षाहरूको बारेमा पनि जानकारी प्राप्त गर्दछ। सेमिनार, सरकारी रिपोर्ट, जनमत, विरोध, गुप्तचर रिपोर्ट, बस स्ट्यान्ड जस्ता सार्वजनिक स्थानहरू र यात्राको क्रममा, मतदान, शिक्षा, जन्म र मृत्यु प्रमाणपत्र आदि मार्फत सरकारको बारेमा जनताको राय सङ्कलन गरिन्छ। विज्ञापन जनता र सरकार बीचको सम्बन्ध बुझ्नको लागि एक महत्त्वपूर्ण उपकरण हो। सरकारले खेलकुद, संस्कृति, स्वास्थ्य, महिला सशक्तीकरण, सार्वजनिक सेवा कार्यक्रमहरू, विमुद्रीकरण, कर, सरसफाइ, राष्ट्रिय बिदाहरू, आदिमा विज्ञापन गर्दछ।

विज्ञापनका मुख्य तीन प्रकार छन्।

**दृश्य विज्ञापन:** सरकार र नागरिकहरू बीचको जनसम्पर्क दृश्य विज्ञापनबाट बनेको हुन्छ। त्यहाँ पत्रपत्रिकाहरूमा देखिने, अर्थात् देखिने र बुझ्ने विज्ञापनहरू, सार्वजनिक स्थानहरूमा रहेका होर्डिङहरू, सार्वजनिक स्थानहरू, पार्कहरू र सरकारले जारी गरेको नाम प्लेटहरू हुन्छन्।

**अडियो विज्ञापन:** सरकार र नागरिक बीचको सम्बन्ध धारणा मार्फत बुझ्ने तरिका हो। यस्तो सम्बन्ध रेडियो हो।

**दृश्य र अडियो विज्ञापन:** जनसम्पर्कमा, सरकारी योजनाहरू र कार्यक्रमहरू श्रव्य-दृश्य विज्ञापनहरू मार्फत् बुझिन्छन्। ती मध्ये, टेलिभिजन, सामाजिक सञ्जाल र सिनेमा प्रमुख छन्।

लोकतान्त्रिक प्रणालीमा सरकारको योजना र कामको बारेमा जनतालाई जानकारी गराउनुले नैतिकता र कानूनको सुनिश्चितता गर्छ। सरकारले विज्ञापन मार्फत नागरिकहरूलाई जानकारी पुऱ्याउँछ। सूचना प्रविधिको विकाससँगै जनसम्पर्क इन्टरनेटमा सरेको छ। सरकारले आफ्ना विभिन्न संस्थाहरू मार्फत शिक्षा, स्वास्थ्य, गरिबी निवारण, आर्थिक विकास, सडक, यातायात, सञ्चार, वित्त जस्ता विषयहरूमा इन्टरनेटमा जनतालाई जानकारी पुऱ्याउने काम गरिरहेको छ। यसले सरकारी वेबसाइट, इ-मेल र सामाजिक सञ्जाल मार्फत नागरिकहरूलाई जानकारी प्रदान गर्दछ। पछिल्लो समयमा प्रचारप्रसारको सबैभन्दा छिटो माध्यम सामाजिक सञ्जाल हो। ह्वाट्सएप, फेसबुक, इन्स्टाग्राम, एक्स आदि सामाजिक सञ्जालले सरकारका दैनिक गतिविधिहरू जनतामाझ परिचित गराउन सजिलो बनाएको छ।

धेरै दशकदेखि, अधिकांश सरकारी विज्ञापनहरू समाचार माध्यममा छापिँदै आएका छन्। सरकारले आफ्ना गतिविधिहरू समाचार माध्यम, पत्रपत्रिका, पत्रिका, ब्रोसर मार्फत जनतासँग साझा गर्दछ। जनतालाई पत्रपत्रिका पढ्ने बानी भएकोले, जब सरकारका योजना र विकास कार्यहरू पत्रपत्रिकामा प्रकाशित हुन्छन्, स्वाभाविक रूपमा जनतासम्म जानकारी पुग्छ। सरकारका योजना र विकास कार्यक्रमहरू रेडियो र टेलिभिजन विज्ञापनहरू मार्फत प्रसारण गरिन्छ। सरकार मिडियासँग निरन्तर सम्पर्कमा रहन्छ। टेलिभिजनमा सरकारी उपायहरूमाथि प्रश्न उठाइन्छ र जनप्रतिनिधिहरूले जानकारी प्रदान गर्छन्। मिडियाले सरकारको प्रत्येक विभागको कामकारबाही प्रसारण गर्दछ।

सरकारी विज्ञापनहरू धेरै ठाउँमा सार्वजनिक रूपमा प्रदर्शन गरिन्छन्। मुख्यतया तालुक कार्यालयहरू, सार्वजनिक अस्पतालहरू, पञ्चायत कार्यालयहरू जस्ता सरकारी संस्थाहरूमा र विज्ञापनहरू राष्ट्रिय राजमार्गहरूमा वा अत्यधिक जनसंख्या भएको क्षेत्रहरूमा प्रदर्शन गरिन्छ। सरकारले जनताको लागि सुरू गरेका धेरै योजनाहरू बाहिरी विज्ञापनहरू मार्फत पुग्छन्। विज्ञापनहरू जनसम्पर्क निर्माण गर्न महत्त्वपूर्ण साधन हुन्। विज्ञापनबाट हुने फाइदाहरूलाई निम्नानुसार बुझ्न सकिन्छ।

सरकारी अधिकारीहरू र नागरिकहरू बीचको राम्रो सम्बन्ध बढ्छ।नागरिकहरूले सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक ज्ञान प्राप्त गर्छन्।नागरिकहरूलाई सरकारी योजना र कार्यक्रमहरूको बारेमा जानकारी गराइन्छ।सरकारी अधिकारीहरू अझ कुशल हुन्छन् र उनीहरूको कर्तव्यबोध बढ्छ।नागरिकहरूमा राजनीतिक चेतना सिर्जना हुन्छ। चुनावमा मतदाताको सहभागिता प्रभावित हुन्छ। जनसम्पर्कले सरकार र यसको शक्तिको बारेमा नागरिकहरूमा चेतना जगाउन सक्छ। सरकारी योजना र विकास तब मात्र सफल हुन्छन् जब तिनीहरू जनतासम्म पुग्छन्। परम्परागत विज्ञापनभन्दा आज ई-विज्ञापनले महत्त्वपूर्ण भूमिका खेल्छ। सामाजिक सञ्जाल र समाचार माध्यममा प्रसारित विज्ञापनहरू जनतासम्म पुग्छन्। यसले सरकार र जनताबीच सार्वजनिक सम्बन्ध सिर्जना गर्छ।

नेपाल अधिराज्यको संविधान-१९९० अनुसार, विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार, सांस्कृतिक र शैक्षिक अधिकार र कुनै पनि पेशा गर्ने अधिकारको ग्यारेन्टी गरिएको छ। त्यस्तै, यसले कुनै पनि पठन सामग्री सेन्सर गरिने छैन भनी प्रेस र प्रकाशनको अधिकार पनि प्रदान गरेको छ। सामान्यतया, ग्यारेन्टीहरूले विज्ञापनलाई पनि संकेत गर्दछ किनकि यी सञ्चार माध्यमहरू को सफ्टवेयर पनि हुन् जसले स्वतन्त्र मिडियाको विकासमा मद्दत गर्दछ। पञ्चायत शासनकालमा पनि विज्ञापनलाई राजस्वको आधारभूत स्रोतको रूपमा मान्यता दिइएको थियो तर यो सरकारलाई समर्थन गर्ने प्रेसका सहयोगीहरूमा आधारित थियो। तर ती दिनहरूमा विज्ञापनलाई नियमन गर्नु प्रमुख मुद्दा थिएन।

अब, विज्ञापन नियमन गर्नु एउटा प्रमुख मुद्दा हो। यो किनभने केही विज्ञापनहरू भ्रामक छन् वा अत्यधिक भौतिकवादी संस्कृतिलाई प्रोत्साहन गर्छन् वा हानिकारक रूढीवादी धारणाहरूलाई बलियो बनाउँछन्। यो नेपालको मात्र समस्या होइन तर विश्वका धेरै देशहरूले यो समस्याको सामना गरेका छन् र भ्रामक विज्ञापनहरू रोक्न वा निश्चित प्रकारका विज्ञापनहरूको दृश्यता सीमित गर्न विज्ञापनलाई नियमन गरेका छन्।पत्रपत्रिकामा प्रकाशित वा इलेक्ट्रोनिक मिडिया मार्फत प्रसारित भ्रामक विज्ञापनहरूका कारण नेपालमा विज्ञापन नियमन गर्ने मुद्दाहरू समयमै उठाइन्छ। विशेष गरी, विज्ञापन मार्फत जनतालाई धोका दिने काम सामान्य भएको छ र देशमा विज्ञापन ऐन र नियमहरूको अभावका कारण कुनै कदम चालिएको छैन।

२०४६ (१९९०) मा प्रजातन्त्रको पुनर्स्थापना पछिको परिस्थितिले निजी मिडियाको विकासको बाटो खोलेको छ। खुला आर्थिक र बजार नीति र अन्तर्राष्ट्रिय सम्बन्धका साथै छापा मिडियाको विश्वसनीयता र पत्रपत्रिका र इलेक्ट्रोनिक मिडिया र यसका प्रयोगकर्ताहरूको संख्यामा वृद्धिका कारण विज्ञापनको मात्रामा पनि वृद्धि भएको छ। आज विज्ञापनलाई मिडियाको विकासको आधारशिलाको रूपमा मान्यता दिइएको छ।

१९९० पछि पत्रपत्रिका, एफएम रेडियो र टेलिभिजन च्यानलहरूको वृद्धिले मिडियामा थप विज्ञापनको खोजीमा प्रतिस्पर्धा ल्याएको छ। १९९० को दशकको सुरूवाततिर सरकारी स्वामित्वमा रहेका मिडियाहरू उनीहरूको ठूलो परिसंचरण, पहुँच र क्षमताका कारण विज्ञापन उत्पादनहरूको लागि मुख्य होस्ट थिए। तर १९९० को दशक पछि, मिडियाको वृद्धिले विज्ञापनको बजार र कारोबारलाई विस्तार गरेको छ।

लोकतन्त्र पुनर्स्थापना भएको ३० वर्षपछि पनि प्रसारण र छापा दुवै प्रकारका सरकारी सञ्चार माध्यम सेवाहरूको लागि राष्ट्रिय मिडिया नीति मुख्यतया आमसञ्चार माध्यमबाट सरकारले के चाहन्छ, अपेक्षा गर्छ, अस्वीकार गर्छ वा सहन गर्छ भन्ने बारेमा चलिरहेको अनुमान लगाउने खेलको परिणामस्वरूप देखा परेको देखिन्छ। कहिलेकाहीं, लिखित राष्ट्रिय सञ्चार माध्यमहरू नीतिको अभावले सम्पादक र मिडिया प्रबन्धकहरूलाई कानून वा नीतिमा नियम र अपेक्षाहरू स्पष्ट रूपमा उल्लेख गरिएका अन्य देशहरूको तुलनामा व्यावसायिक निर्णयको ठूलो स्वतन्त्रता प्रदान गरेर उपयोगी भएको छ। मिडियाकर्मीहरू र प्रबन्धकहरूले विपक्षी र प्रतिस्पर्धी विचारहरू कभर गर्ने, आधिकारिक जानकारी साझा गर्ने, र आमसञ्चार माध्यमहरूको लागि पत्रकारितामाथि जनसम्पर्क भूमिकामा जोड दिने बुद्धिमत्ता स्वीकार गर्न नेताहरूलाई क्रमशः सामाजिकीकरण गरेर, नेपालको लोकतन्त्रको संरक्षण र पालनपोषण गर्दै शैक्षिक कार्य गर्ने कुरा कायम राख्छन्। उनीहरूले प्रेस र प्रसारणलाई आफ्नै व्यक्तिगत सार्वजनिक सम्बोधन प्रणालीको रूपमा हेर्ने सरकारी अधिकारीहरूको प्रवृत्तिलाई रोक्नको लागि लडाईलाई गम्भीरतापूर्वक लिन्छन्।

सरकारले सार्वजनिक सूचना तथा विज्ञापन सरकारी स्वामित्वका सञ्चारमाध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्न निर्देशन दिएको निर्णयले सञ्चार क्षेत्र मात्र होइन, संघीय शासन प्रणालीको मर्ममाथि पनि गम्भीर प्रश्न खडा गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सचिवस्तरीय निर्णयका आधारमा संघ, प्रदेश र स्थानीय तहलाई पठाइएको निर्देशनले राज्यको विज्ञापन नीति, सञ्चार स्वतन्त्रता र संघीयताको अभ्यासबारे नयाँ बहस सुरू गरेको छ।

सरकारको यो निर्णय पहिलो दृष्टिमा प्रशासनिक सुधारका लागि गरिएको प्रयास जस्तो देखिए पनि यसको प्रभाव निकै व्यापक र दूरगामी हुने देखिन्छ। विशेषगरी निजी सञ्चारमाध्यमहरू आर्थिक संकटबाट गुज्रिरहेका बेला सरकारी विज्ञापनलाई सीमित गर्ने प्रयासले उनीहरूको अस्तित्वमै प्रश्न उठाउन सक्छ। नेपालमा अधिकांश निजी सञ्चारमाध्यमहरू सरकारी विज्ञापनमा निर्भर रहने गरेको यथार्थ छ। यस्तो अवस्थामा सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णयले निजी मिडियालाई आर्थिक रूपमा कमजोर बनाउने खतरा देखिएको छ।

संविधानले संघीय संरचनालाई सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित बनाएको छ। संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड स्पष्ट रूपमा गरिएको छ। तर केन्द्रबाट गरिएको यस्तो निर्णयले प्रदेश र स्थानीय तहको स्वायत्त अधिकारमाथि हस्तक्षेप गरेको भन्ने आलोचना उठ्नु स्वाभाविक हो। स्थानीय तहलाई आफ्ना सूचना र विज्ञापन प्रकाशन गर्ने स्वतन्त्रता संविधानले दिएको छ। स्थानीय तहले आफ्नै आवश्यकताअनुसार सूचना प्रकाशन गर्ने व्यवस्था संघीयताको आधारभूत अभ्यास हो।

यसअघि सार्वजनिक खरिद ऐन र विज्ञापन सम्बन्धी कानुनअनुसार सरकारी सूचना निजी सञ्चारमाध्यममा पनि प्रकाशन हुने अभ्यास रहँदै आएको थियो। यसले सरकारी सूचना नागरिकसम्म व्यापक रूपमा पुग्न सहयोग गरेको थियो। साथै निजी सञ्चारमाध्यमहरूको आर्थिक आधार पनि मजबुत बनाएको थियो। यो अभ्यासलाई परिवर्तन गर्दा नीतिगत अस्थिरता पनि सिर्जना गरेको छ।

सरकारले यो निर्णयलाई एकद्वार प्रणालीका रूपमा प्रस्तुत गरेको हुनसक्छ। सरकारी विज्ञापन वितरणमा अनियमितता, पहुँचका आधार र आर्थिक अपारदर्शिताका गुनासाहरू विगतदेखि उठ्दै आएका छन्। सुधारको नाममा सम्पूर्ण निजी सञ्चारमाध्यमलाई बेवास्ता गर्ने निर्णय उचित देखिँदैन।

अझ अर्को महत्वपूर्ण पक्ष भनेको सूचना पहुँचको हो। सरकारी सञ्चारमाध्यमहरू सीमित पहुँच भएका हुन सक्छन्। निजी एफएम रेडियो, अनलाइन र पत्रपत्रिकाहरूले ग्रामीण क्षेत्रसम्म सूचना पुऱ्याउन भूमिका खेलेका छन्। यदि सरकारी सूचना सरकारी सञ्चारमाध्यममा मात्र सीमित गरियो भने नागरिकसम्म सूचना पुग्ने दायरा संकुचित हुनसक्छ।

सरकारले सरकारी सञ्चारमाध्यमलाई सुदृढ बनाउने उद्देश्य राख्नु गलत होइन। सरकारी सञ्चारमाध्यमहरूलाई प्रभावकारी बनाउनु आवश्यक पनि छ। तर त्यसका लागि प्रतिस्पर्धात्मक वातावरण निर्माण गर्नुपर्छ। सरकारी नीतिमार्फत निजी क्षेत्रलाई कमजोर बनाउने प्रयास स्वस्थ प्रतिस्पर्धा होइन। अहिले निजी सञ्चारमाध्यमहरू आर्थिक संकट, घट्दो विज्ञापन बजार, डिजिटल प्रतिस्पर्धा र प्राविधिक परिवर्तनका कारण चुनौतीमा छन्। यस्तो समयमा सरकारबाट आएको यो निर्णयले उनीहरूको अवस्था झनै कठिन बनाउने देखिन्छ। यसले पत्रकारिता क्षेत्रको रोजगारी, समाचार उत्पादन र सार्वजनिक बहसमा समेत नकारात्मक असर पार्न सक्छ।

सरकारले यदि विज्ञापन वितरणमा सुधार गर्न चाहेको हो भने पारदर्शी मापदण्ड बनाउनु उपयुक्त हुन्छ। विज्ञापन वितरणमा समान अवसर, स्पष्ट मापदण्ड र डिजिटल प्रणाली लागू गर्न सकिन्छ। विज्ञापन वितरणलाई राजनीतिक प्रभावबाट मुक्त बनाउनु पनि आवश्यक छ।लोकतन्त्रमा सञ्चारमाध्यम स्वतन्त्र र सशक्त हुनु आवश्यक हुन्छ। सरकार र सञ्चारमाध्यमबीच सहकार्य हुन सक्छ, तर नियन्त्रण हुनु हुँदैन। नियन्त्रणको प्रयासले शंका उत्पन्न गर्छ। सरकारको यो निर्णयले पनि त्यही शंका उत्पन्न गरेको छ।

सरकारले निजी सञ्चारमाध्यमलाई साझेदारका रूपमा हेर्नुपर्छ। सूचना प्रवाह, जनचेतना र लोकतन्त्रको सुदृढीकरणमा निजी सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण छ। यस्तो अवस्थामा उनीहरूलाई कमजोर बनाउने निर्णय दीर्घकालीन रूपमा राज्यकै लागि हानिकारक हुनसक्छ। त्यसैले सरकारले निर्णय पुनर्विचार गर्न आवश्यक देखिन्छ। सुधारका नाममा सञ्चार क्षेत्रलाई विभाजित गर्ने निर्णय उचित हुँदैन। संघीयता, प्रेस स्वतन्त्रता र लोकतन्त्रको मर्मलाई ध्यानमा राख्दै सरकार अघि बढ्नुपर्छ।

सञ्चार माध्यमहरू स्वतन्त्रता, कसैले यसलाई परिभाषित गर्न चाहे पनि, आखिर यो आफैमा लक्ष्य होइन बरू लक्ष्य प्राप्त गर्ने माध्यम हो, जुन उद्देश्य एक विशेष राजनीतिमा सबै नागरिकहरूको लागि बढी लोकतान्त्रिक, समृद्ध समाज हो। नेपाल वा कुनै पनि राज्यको लागि मिडिया स्वतन्त्रता वा लोकतन्त्र वा विकासको सटीक परिभाषा तोक्नु बाहिरी व्यक्तिहरूको काम होइन। अन्ततः, राज्यमा मिडिया संस्थाहरू, नीतिहरू र आउटपुटहरूले बहुमत वा अल्पसंख्यकको सेवामा, राम्रो नराम्रोको लागि, राष्ट्रिय छनौटहरू प्रतिबिम्बित गर्छन्।

आधुनिक युगमा विज्ञापन बिनाको सञ्चार माध्यमको बारेमा सोच्न पनि गाह्रो छ। निजी सञ्चारमाध्यमहरू लोकतन्त्रका महत्वपूर्ण आधार हुन्। राज्यका गतिविधिमा निगरानी गर्ने, जनताको आवाज उठाउने र बहस सिर्जना गर्ने भूमिका खेल्दै आएका छन्। आर्थिक रूपमा कमजोर बनाइएका सञ्चारमाध्यमले स्वतन्त्रता कायम राख्न कठिन हुन्छ। यस्तो अवस्था लोकतन्त्रका लागि सकारात्मक संकेत होइन।

NATIONAL OPEN COLLEGE
Affiliated to Pokhara University
First College in South Asia for Healthcare Management
ADMISSIONS OPEN
MHCM (41st Batch)
Masters in Health Care( Hospital) Management
PGDHCM (34th Batch)
Post Graduate Diploma in Healthcare Management
Entrance : 18th April
Apply Now
noc.edu.np
9813342182,5183226
Sanepa, Ringroad Lalitpur
27 YEARS OF EXCELLENCY
PROGRAMS
• BHCM

# Beyond the Uranium Narrative:

## Nepal's Strategic Path in a Changing Economic Order

**By: Galab Bahadur Dhungana,**

*Attorney & Counselor at Law, United States.*



The recent report in Gorkha Express (www.nepaltoday.com.np) which alleges the government of Nepal's preparation to hand over the responsibility of processing uranium found in Mustang to the United States, has triggered a necessary national conversation. The report further suggests that preparations may be underway to involve a joint technical team from the United States and Australia to process uranium in Lo Manthang under the coordination of the Nepalese Army. Whether every claim is substantiated is not the central issue. The real question is how Nepal should position itself in a global economy where technology, energy, and critical minerals are becoming the core drivers of power and prosperity.

Across the world, governments are reorganizing economic strategy around supply chain security. In the United States, the CHIPS and Science Act directs tens of billions of dollars toward semiconductor manufacturing and resilience. At the same time, the Minerals Security Partnership brings together the United States with partners such as Japan, Australia, and members of the European Union to diversify access to critical minerals essential for clean energy and advanced industry. These are not isolated policies. They reflect a broader shift in which economic security is increasingly tied to control over energy, data, and industrial inputs.

In policy discussions, this shift is sometimes described as a move toward a "Pax Silica." The term is informal, but the direction is clear. Strategic ecosystems built on computing, energy, and materials are beginning to shape geopolitical influence. India's decision to align with these supply chain frameworks in February 2026 illustrates how quickly this shift is gathering momentum.

For Nepal, this transformation presents a real opportunity. The country's most valuable strategic asset is not speculative uranium reserves. It is electricity. Nepal's hydropower potential offers a structural advantage at a time when reliable and clean energy is becoming the limiting factor for digital infrastructure and industrial expansion.

The policy groundwork is already visible. The Millennium Challenge Corporation Nepal Compact, a $525 million program, is investing in high-voltage transmission and grid reliability. Its objective is straightforward. Expand electricity availability and reduce costs at scale. In parallel, the World Bank approved a $50 million Digital Transformation Project in February 2026 to strengthen data governance, cybersecurity, and digital infrastructure. Together, these initiatives outline a credible strategy. Nepal can emerge as an energy-enabled and digitally connected economy that participates in global value chains.

Uranium presents a different set of considerations. Nepal's Department of Mines and Geology has identified potential deposits, and the International Atomic Energy Agency has supported technical cooperation, including project NEP2007 on uranium prospecting and evaluation. That is where the record stands. Exploration is not extraction. It is not a commercial agreement with foreign actors. A geological survey is not a concession.

Any move beyond this stage would be significant. It would require legislation, regulatory capacity, environmental safeguards, and public accountability. It would also carry geopolitical implications. Mustang sits in a sensitive region where strategic decisions would draw attention beyond Nepal's borders. Proximity to the northern frontier adds a layer of complexity that cannot be ignored.

This is why the current debate matters. Not because it proves the existence of a secret arrangement, but because it exposes the cost of uncertainty. When information is unclear, speculation fills the void. That speculation can unsettle partners, distort expectations, and weaken public confidence. The appropriate response is clarity. If Nepal is exploring participation in emerging supply chain and technology frameworks, it should say so openly. If it is not, that should also be stated plainly. Transparency builds credibility. Silence invites interpretation.

Nepal has long followed a policy of non-alignment, supported by its aspiration to be recognized as a Zone of Peace. This approach has allowed the country to engage globally without being drawn into great-power competition. As geopolitical rivalry intensifies, maintaining that balance will become more difficult and more important.

In this environment, engagement with new economic frameworks should not be viewed as a risk in itself. It may be necessary for long-term growth and for strengthening national sovereignty. The real question is whether such engagement is deliberate and transparent, or whether it unfolds by default and without public understanding. That distinction is strategic.

Nepal stands at the intersection of a major global transition. Energy, technology, and industrial systems are converging in ways that will shape economic outcomes for decades. Managed well, this shift can unlock significant value, particularly through the productive use of clean energy.

The foundation of that opportunity is not secrecy. It is trust. In a world where capital and partnerships follow clarity, transparency is no longer just a principle of good governance. It is a competitive advantage.

# Nurturing Economics Talent and Public University Capacity in Nepal

### Revisiting the Role of Public Universities in Nepal's Next Phase

**Dr. Alok K. Bohara**




As Nepal positions itself to turn a new page—with renewed energy and a strong public mandate—the early signals from the new government suggest movement on multiple fronts: tackling corruption, streamlining bureaucracy, and attempting to restore administrative purpose. These are important beginnings. Their long-term impact, however, will depend not only on action, but on process—on maintaining public trust through transparency, regular communication, and a willingness to bring citizens along. Clear, direct engagement—beyond the noise of routine press interactions—can help sustain that trust.

This short reflection, however, is less about immediate governance and more about a parallel opportunity: the role of higher education—particularly the public university system—in supporting Nepal's next phase of development.

I was recently honored to engage with faculty and students at the Central Department of Economics at Tribhuvan University on the theme of "Governance Systems vs Narrative Systems." The discussion explored a familiar puzzle: why stable institutions remain elusive despite repeated political transitions, and how both formal governance systems and public narratives shape outcomes in complex ways.

Walking into the new building and seeing a room full of engaged faculty and enthusiastic students brought back an earlier memory. Years ago, a small group of us had explored the idea of building a "school of economics" that could provide the analytical firepower—multidisciplinary, collaborative, and evidence-driven—needed for Nepal's policy design and institutional thinking. That aspiration, along with broader conversations around a three-tier higher education reform agenda, has stayed with me over the years.

What felt striking this time was not just the memory, but the possibility. The energy, the scale of student engagement, and the depth of interest suggest that Nepal's public universities hold significant untapped potential. The issue is less about talent and more about how that talent is organized, supported, and connected to national priorities.




The capacity clearly exists. With nearly 400 students currently enrolled in the graduate program at TU alone—and many more across the system—the question is not one of talent, but of connection: how to better link this intellectual reservoir to national policy design, especially as Nepal seeks to move beyond a remittance-driven economy toward a more productive and coordinated one.

I have had the benefit of seeing this potential firsthand through my work at the University of New Mexico, where I have trained and mentored PhD students who began their academic journeys at Tribhuvan University's economics department. Their analytical ability, discipline, and adaptability have consistently reinforced my sense that Nepal's public university system already possesses the human foundation needed for a much stronger research and policy ecosystem.

Independent institutions such as Kathmandu University have demonstrated the value of focused, high-quality programs, though often at a cost structure that limits broad access. This reinforces a simple but important point: a country like Nepal cannot rely solely on elite or high-cost models. A strong, well-functioning public university system —serving a vast number of population— is essential—not just for access, but for building the scale of human capital required for national development.

Countries that have made sustained progress have often benefited from institutional anchors—universities that serve not only as teaching centers but as engines of policy-relevant thinking. The question for Nepal is how to build and strengthen such capacity within its public system.

This may require a more deliberate effort to nurture a think-tank ecosystem within public universities—one that is empirically grounded, multidisciplinary, policy-oriented, and connected to the evolving needs of the country. Earlier ideas around a dedicated social science research and funding mechanism—discussed with former vice chancellors such as Kedar Bhakta Mathema, Suresh Raj Sharma, and Madhav Prasad Sharma—may be worth revisiting in this context.

At a moment like this, there may also be value—borrowing from Abraham Lincoln's notion of a "team of rivals"—in drawing on a broad spectrum of experience. The new finance minister, Dr. Swarnim Wagle, brings both academic and policy insight, and could benefit from engaging seasoned voices, including former finance ministers Dr. Prakash C. Lohani, Dr. Devendra Raj Panday, and Mr. Surendra Panday.

In that spirit, one is reminded of evolutionary biologist Sara Walker's observation that institutional memory, much like memory in biological systems, plays a critical role in guiding evolution—helping systems learn, adapt, and avoid repeating past mistakes. For Nepal, building such memory within its academic and policy institutions may be as important as any immediate reform.

Looking ahead, this effort could be further strengthened by aligning higher education with Nepal's broader development framework—particularly the ACE model (see previous essays) of agriculture, culture and tourism, and energy. An eco-zone university system, organized around the country's major ecological corridors, can help embed these priorities within the structure of learning itself. By linking universities, technical institutes, and research centers across mountain, hill, and terai contexts within each zone, and integrating them into a three-tier higher education framework, Nepal can better connect knowledge, skills, and innovation to the specific resources, needs, and opportunities of each region. In doing so, education becomes not just a pathway for individual advancement, but a coordinated system for national development.

As the country looks ahead to its next phase—what one might call its fourth century—the alignment of governance, knowledge, and human capital will matter deeply. Strengthening the public university system as a space for rigorous thinking, research, and policy engagement could be one of the most consequential investments in that transition.

*Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplugged.*

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# असन्तुलित वितरण अन्यत्र पाइँदैन –५



तराइको भू भाग कूल क्षेत्रफलको १७ प्रतिशत मात्र छ भने जनसंख्या ४६.६२ प्रतिशत छ। यो भूभाग अत्यन्त समथर तथा उब्जाउ भएकाले यस क्षेत्रको जनघनत्व सबै भन्दा बाक्लो छ। राजनैतिक विभाजनका हिसाबमा तराइमा १८ वटा जिल्ला पर्दछन्। नेपालको यातातको मेरूदण्ड मानिएको पूर्व पश्चिम राजमार्ग र नेपालका सबैखाले ठूला उद्योगहरू यसै प्रदेशमा छन्। नेपालका संचार, यातायात, उद्योग, व्यापार र कृषि उद्योगलगायत अधिकांश विकासका सबैजसो पूर्वाधारको विकास यही प्रदेशमा भएको छ।

नेपालको सम्पूर्ण भूभागलाई खेती गरिन सकिने क्षेत्र, संरक्षित राख्नुपर्ने क्षेत्र र अन्य आवश्यक गर्नुपर्ने क्षेत्र समेत गरी करिब निम्न अनुसार हुन आउँछ।

हाम्रो भू-क्षेत्रले विभिन्न समयमा विभिन्न रूप धारण गरेको छ। बाइसे चौबिसे पालामा यो अस्तव्यस्त थियो अनि हजारौँले यसलाई विर्ताको रूपमा उपभोग गरेका थिए। तिनताक सेरोफेरो विर्ताले ढाकेको थियो। त्यसपछि ठूला-ठूला जंगल पनि नीजी वनमा रहे। विर्ता उन्मूलन भए। नीजी वन उन्मुलन भए। किपट उन्मुलन भयो। त्यही भू-क्षेत्र हो जो कहिले विर्तामा रह्यो कहिले जमिन्दारीमा। कहिले निजी वन रह्यो त क्तै किपट। क्तै पोस्यान, खऱ्यान, गौचरनमा दर्ता भएर रह्यो त क्तै यो देवगुठी, राजगुठी, वंशगुठी वा निजी गुठीको रूपमा रह्यो। जग्गाको क्षेत्रफलको कुनै हिसाव भएन। जग्गा प्रशासन अस्तव्यस्त रह्यो। यो हले, पाटे, कोदाले, खलो, मुरी, पाथी, माना, मुठी, चिम्टी भयो। रोपनीबाट कच्ची विघा, पक्की विघा, कठ्ठा, धुर, एकड हेक्टर सबै भयो। यति सबै भएर पनि क्षेत्रफल अस्तव्यस्तै थियो। तिरोको कुनै ठेगाना थिएन। त्यस्तो तिरो पनि हचुवाको भरमा निकै बढाइँदै गयो। कारण राष्ट्रिय आयको सबैभन्दा ठूलो साधन यही मानिन्थ्यो र अझै मानिन्छ। जनगुनासो पूरा गर्न हचुवा हिसावले (राज्यनिर्मित सुविधाविना नै) अवल, दोयम, सीम, चाहार भनी तिरो तोकियो। अपठितका लागि जग्गाको विकल्पमा अरू कुनै रोजगार हुँदैनन्। जग्गा अपठितहरूको रोजगार हो भन्ने आम धारणा बन्यो।

हचुवा, अस्पष्ट, रूढीगत जग्गाको व्यवस्था भएकोले सायद यस देशमा हुने मन-मुटाव कलह र मुद्दाका सबैभन्दा धेरै कारण जग्गा नै हो। नेपाली समाजमा शोषणको मूल कारण पनि जग्गा नै हो। जग्गाप्रतिको विशेष मोहको कारण नै झै-झगडा र मुद्दा मामिलाका मूल कारण भएका हुन्। जग्गाको सदुपयोग भन्दा दुरूपयोग बढी भएको छ।

सुव्यवस्थित खेती, आवश्यक सिँचाइ, चकलाबन्दी, ब्लक फार्मिङ, पशुपंक्षीबाट हुने क्षति, भू-बनोट प्रतिकूलको खेती, माटो बगाइको रोकथाम आदि समष्टि रूपबाट भएका छैनन्। फलतः भू-क्षेत्रले दिन सक्ने चीज लिनसकेका छैनौं। व्यवस्थित बसोबासका अभावमा भू-संरक्षण सम्भाव्यता पनि देखिँदैन।

गलत भू-व्यबस्थापन भएका कारण ८० प्रतिशत मुद्दा तथा झैझगडा जग्गाकै कारणले हुने गर्दछन्। जग्गाको मूल्य बृद्धि भएपछि त सबैको ध्यान यसै क्षेत्रमा केन्द्रित भएको पाइन्छ। अर्कातिर भू-व्यवस्थापन नभएका कारण कृषिले उद्योगको रूप धारण गर्न सकिरहेको छैन। चाहे कर्मचारी होस् चाहे राजनीतिक कार्यकर्त्ता, चाहे समाजसेवी होस् चाहे फटाहा, चाहे उद्योगपति होस् चाहे बुद्धिजीवी, वकिल तथा न्यायाधीश सम्पूर्ण व्यक्तिको ध्यान जग्गा ओगट्ने र यसकै माध्यमबाट शोषण गर्ने बाहेक अरू केही देखिँदैन।

सामाजिक रीतिले बाँधिएका बन्धनहरू छिन्दै गएका छन्। राणाकालीन ठूला दमनका भयबाट मानिस उम्किएका छन्। सामाजिक कारणले निचोरिएर बस्नेहरू अब फुकेर बस्न थालेका छन्। यस्तो बेलामा खास कुनै नीति नहुँदा जुन बेलामा जसले तर्सो देखायो वा कुनै शक्तिको स्रोत देखाउन सक्यो त्यसबेला त्यसले त्यस्तै निर्णय गराई जग्गामा काम गर्न थालेको पाइन्छ। यति मात्र त्रुटि नभएर अरू सर्वपक्षीय त्रुटिहरू देखिन्छन्। नक्सा आदि नबन्नु वा नहुनु त हाम्रा पछौटेपन हुन् तर राष्ट्रिय वन नीतिकै अभाव हुनु, सरकारी भूक्षेत्र अतिक्रमण हुँदा परिणामको विचार गर्न नसक्नु, जंगल खरानी हुँदा राष्ट्रियताले आत्मा नपोल्नु, कुर्सीको मोहले यस्ता अतिक्रणका खबर समयमै निणर्य दिने तहमा नपुग्नु, नपुऱ्याउनु, कारवाही नगर्नु, अन्तरविभागीय वा कार्यालयीय समन्वय नहुनु, अधिकार बाहिरका कामहरू प्रशासकले तथा न्यायाधीशले गर्नु, अव्यवहारिक रूपमा शक्ति देखाउने हेतुले काम गर्नु, पक्षपात मुलाहिजाले खास अपराधीहरूलाई दण्ड दिन समेत थामथुम गर्नु, नीतिको अभावमा प्रशासनिक यन्त्र चलेको हुनाले प्रशासनले अदलीबदली हुनासाथ यस्ता कामका मूलभूत कुरामै परिवर्तन हुनु, कर्मचारी तथा पञ्च-वर्गीय संगठन तथा दलहरूका कार्यकर्त्ताको नकारात्मक प्रवृत्ति हुनु, भईंसी देखेर जोगी डराउने औ जोगी देखेर भईंसी डराउने हुनु जस्ता कुराले भूप्रयोजन, व्यवस्थाको समस्या झनझन जटिल बनाउँदै लगेको पाइन्छ। देशमा पुनः बहुदलीय व्यवस्था सुरू भएपछि पूर्ववर्ती व्यवस्थाका त्रुटिलाई सुधार्नुको साटो त्यस्ता गलत कामकुरा गर्ने विन्दुहरूको मात्र अनुसरण गरेर आफ्ना कार्यर्त्ताको माग पूरा गर्ने काम भएकाले सबै क्षेत्र झन्झन् नाजुक हुदैं गइरहेको छ। यसको बृद्धिले अब सबै खाले सामाजिक अपराधको ब्यापक विकास भएको छ। त्यस्तो असामाजिक कुरामा प्रशासन, प्रहरी तथा वकिलहरू र न्यायाधीश समेतको संलग्नताले देश उकासिनै नसक्ने भासमा धसिँदै गएको छ।

उल्लिखित विभिन्न निकायहरूले जग्गा दिँदा पनि पक्ष, मुलाहिजा र स्वार्थले जग्गा वितरण गरेकोले अधिकांश रूपमा खास सुकुम्बासीले जग्गा नपाउनु, वितरण गरेपछि पनि तिनीहरूको हेरचाहको व्यवस्था नहुनु, अनगिन्ती जग्गा वितरणका माध्यमहरूका अनगिन्ती नियम हुनु, सार्वजनिक संस्था, विद्यालय, पानीघाट, हाटबजारका नाउँमा यत्रतत्र जग्गा बेचविखन गर्ने गर्नु आदि सयौं त्रुटिहरू कायमै छन्।

जग्गालाई आधुनिकीकरण गर्न, शोषणबाट मुक्त पार्न बेलाबेलामा कोसिस गरिए। आर्थिक क्रान्तिको रूपमा लान २०१६ सालमा राजारजौटा र बिर्ता प्रथाको उन्मूलन गरियो, २०२१ सालमा भूमिसुधार लागु गरियो। यसका मूल विशेषतामा हदबन्दी सबभन्दा ठूलो हो। मोहियानी हक शोषण मुक्तिको अर्को महत्वपूर्ण विशेषता हो। अनिवार्य बचत र यसकै माध्यमबाट ग्रामीण साझा व्यवस्थाको परिचालन पनि कम महत्वको मान्न सकिन्न। कृषि ऋणमा गरिएको शोषणबाट पनि गरीब किसानलाई मुक्त गरिएको हो। तर पनि ठाउँ जग्गा अनुसार सही समाधान भयो, विलकुल वैज्ञानिक प्रक्रिया अपनाइयो, शोषित मात्र मुक्त भए वा फाइदा उठाए भनेर भन्न सकिँदैन। यत्रो अभियानले पनि सबै जग्गामा एकरूपता आउन सकेको छैन। गुठी र मोहियानी काँचै रहँदा स्वामित्व र प्रशासनमा एकरूपता आएको छैन। अझ सत्य कुरा केहो भने भूमिसुधार भनियो तर भूमिको सुधारै गरिएन। हदबन्दी भूमिसुधार होइन। बरू बहुसंख्यक टाठाबाठाले धेरै फाइदा उठाए। त्यस निहुँमा लाखौं विदेशी मौसमी कामदार नेपाली नागरिक भएर थपिए।

पहाड र तराई सम्पूर्ण क्षेत्रको नापी सुरू गरियो। क्षेत्रफल, कित्ता, टोपोग्राफी, ज्यामितिक आदि विभिन्न नापी सुरू गरियो। जग्गाधनीको कूल क्षेत्रफल दर्ता गरियो। यी सबै काम सकिँदा जग्गाको स्तर र अवस्था पनि स्पष्ट हुँदै गयो। सबैभन्दा ठूलो कमजोरी नागरिक्ताको कुरामा भयो। औलोका कारण तिनताक पहाडीहरू तराइ झर्दैनथे। नेपालका सबै जग्गा दखिना भनिने मौसमी भारतीय कामदारले गर्दथे। जोताहाको हक स्थापना गरेर ती घर भूमीहीनतथा नागरिक्ताहीन भारतीयहरू सबै नेपालका नागरिक भए (त्यो संख्या लगभग २५ % छ) जस्को पूरै समाधान अझै भएकौ छैन। भुमिसुधारले उल्टै समस्या थप्यो।

केन्द्रिकरण नेपालको सबभन्दा ठूलो समस्या हो। हाम्रो कर्मचारी तन्त्र र गैर निजामती क्षेत्र पनि केन्द्रिकरण गर्ने कुरामा ज्यादै सवल देखिन्छ। पहिलो पाठशालादेखि पहिलो विश्वविद्यालयसम्म उपत्यकाभित्र चलाइए। सबै प्रविधि, ज्ञान र सीपका संस्थाहरू यहीं खोलिए। फलतः यहींका बासिन्दाले मात्र शिक्षा आर्जन गर्ने सुअवसर पाए।

---



# राजनीतिक पुनर्संरचना र राज्य असफलताको छायाँ

**प्रेम सागर पौडेल**

नेपाली राजनीति सन १९९० पछिको आफ्नो सबैभन्दा गहिरो संरचनागत परिवर्तनको सङ्घारमा उभिएको छ। लोकतान्त्रिक आन्दोलनबाट स्थापित भनिएका परम्परागत शक्तिहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र) लगायत इतिहासकै सबैभन्दा कमजोर अवस्थामा पुगेका छन्। न्यायालयको स्वतन्त्रता र निष्पक्षतामाथि गम्भीर प्रश्नचिह्न खडा भएको छ। भ्रष्टाचार र दण्डहीनताको बढ्दो संस्कृतिले नागरिकको असन्तुष्टि चरम बिन्दुमा छ।

फागुन २१ को निर्वाचनले ल्याएको दुईतिहाइ निकटको शक्तिशाली जनादेशले एकातिर आशाको सञ्चार गरेको छ भने अर्कोतिर यसले नेपाली राजनीतिका पुराना चक्रहरूको पुनरावृत्ति हुने हो कि भन्ने गम्भीर आशङ्का पनि जन्माएको छ। के नेपाली राज्य 'स्टेट फेलियर' तर्फ उन्मुख हुँदैछ ? यो प्रश्न राजनीतिक विश्लेषणको केन्द्रमा छ। पछिल्लो राजनीतिक इतिहासलाई केलाउने हो भने हरेक दशकमा जनताले कुनै न कुनै राजनीतिक शक्तिलाई अभूतपूर्व जनादेश दिएको, तर ती शक्तिहरूले जनआकाङ्क्षा सम्बोधन गर्न नसक्दा व्यवस्था नै सङ्कटमा परेको देखिन्छ। सन १९९० को जनआन्दोलनपछि नेपाली कांग्रेसले दुईपटक बहुमत प्राप्त गर्यो। सुशासन दिन नसक्ने प्रवृत्तिले संसद विघटन, प्राडो-पजेरो काण्ड, सुरा-सुन्दरी प्रकरणजस्ता घटनाले राजनीतिलाई विकृत बनायो। त्यसको परिणति सशस्त्र द्वन्द्वको रूपमा भयो। २०७४ सालको निर्वाचनमा वाम गठबन्धनले प्राप्त गरेको झन्डै दुईतिहाइ बहुमत पनि यसैको एउटा पछिल्लो उदाहरण हो। तर, नेतृत्वको आन्तरिक द्वन्द्वले त्यो अवसर गुम्यो। यही निराशामा 'लोकप्रियतावाद' को जगमा रास्वपाको उदय भयो।

झन्डै दुईतिहाइ बहुमतसहित सत्तामा पुगेको रास्वपाले नेपाली राजनीतिको यो ऐतिहासिक चक्र तोड्न सक्छ। यदि पार्टीशक्ति सन्तुलन कायम रह्यो भने बाह्य विपक्षी शक्तिहरूले यो सरकारलाई विस्थापित गर्न सक्दैनन्।

रास्वपाको चुनौती भनेको पार्टीको आन्तरिक संरचनाको विविधता हो।

राजनीतिको सिद्धान्तमा 'बिहानीले दिनको सङ्केत गर्छ' भनेझैँ सरकारको प्रारम्भिक कार्यशैलीले भविष्यको दिशा निर्धारण गर्छ। हालसम्मको अवधिमा सरकार सुशासन र सेवा प्रवाहको क्षेत्रमा केही गर्न खोजेको सङ्केत देखिएको छ। तर, प्रतिषोधको गन्ध अदालतको आदेशले पनि सुँघेको देखिन्छ।

विश्लेषकहरूको चिन्ता यही हो कि यदि दुईतिहाइ जनमत पाएको यो सरकारले पनि सुशासन र सेवा प्रवाहमा अपेक्षित परिणाम दिन सकेन भने नेपाली राज्य 'असफल राज्य' तर्फ उन्मुख हुने खतरा बढ्नेछ। राज्य असफलता भनेको केवल सरकार ढल्नु मात्र होइन, बरू सुरक्षा, न्याय र आधारभूत सेवा प्रवाह गर्ने राज्यको क्षमतामा ह्रास आउनु हो।

यस निर्वाचन परिणामले राजनीतिमा नयाँ वैचारिक विभाजनको रेखा कोरेको छ। रास्वपाको आर्थिक र राजनीतिक अजेन्डा उदारवादी लोकतन्त्र र बजार अर्थतन्त्रको वरिपरि घुमेको हुनाले यसले वैचारिक रूपमा कांग्रेसुको भन्दा कम्युनिस्टको मतदाता आधारमा बढी क्षति गरेको छ। यसपटकको निर्वाचन परिणामको सूक्ष्म विश्लेषणले एमालेको तुलनामा कांग्रेसले आफ्नो परम्परागत भोट बैङ्कलाई अपेक्षाकृत रूपमा जोगाउन सफल भएको छ। उदाहरणका लागि, धादिङ क्षेत्र नम्बर २ मा कांग्रेसको भोट २४ हजारबाट घटेर २० हजारमा झर्यो भने एमालेको भोट २४ हजारबाट घटेर १० हजार ८० मा सीमित भयो। यसले के देखाउँछ भने एमालेको मतदाता रास्वपातर्फ सिफ्ट हुने दर तीव्र छ। यसको अर्थ, सेवा प्रवाहको तहमा सरकार सफल भएमा र राजनीतिक ध्रुवीकरण बढेमा एमालेभन्दा पनि कांग्रेस तीव्र रूपमा अस्तित्व सङ्कटमा पर्ने देखिन्छ। तर, यदि सरकारले सोचेअनुरूपको परिणाम दिन सकेन भने स्थिर र सङ्गठित संरचना भएको कारण कांग्रेसलाई पुनरूत्थानको बाटो तुलनात्मक रूपमा सहज हुनेछ। तर कांग्रेस आफैभित्र हुस्सुको कौवाजसरी अलमिलन पुगेको अवस्थाले रास्वपालाई लाभ नै भएको देखिन्छ।

राजनीतिक स्थिरता आफैंमा एक मूल्यवान उपलब्धि हो। यदि रास्वपा सरकार पाँच वर्ष टिक्न सक्यो भने, औसत सेवा प्रवाहको अवस्थामा पनि यसले राजनीतिक स्थिरताको प्रतिफल पाउनेछ। यसले स्थानीय तहको आगामी निर्वाचनमा पुराना दलहरूको सङ्गठनमा ठूलो पहिरो ल्याउने निश्चित छ। तर, इतिहास साक्षी छ, नेपालमा ठूला जनादेश प्राप्त गर्ने दलहरू आफ्नै आन्तरिक द्वन्द्वका कारण ध्वस्त भएका छन्। यदि रास्वपाभित्र पनि सत्ता र शक्तिको त्यस्तै अन्तरकलह चर्कियो र बीचैमा सरकार ढल्यो भने नागरिकमा व्याप्त निराशा आक्रोशमा बदलिनेछ र यसले राज्यलाई नै असफलताको भुमरीमा धकेल्न सक्छ। अन्ततः, रवि लामिछाने र बालेन्द्र शाहको सहकार्यको रसायनले नै नेपाली राजनीतिको आगामी बाटो निर्धारण गर्नेछ। यो सहकार्य लोकप्रियताको 'मार्केटिङ' मा मात्र सीमित रह्यो कि शासनको 'डेलिभरी' मा रूपान्तरित भयो भन्ने कुराले नेपाली राज्यको भविष्यको खाका कोर्नेछ।

---

# सरकारको निर्णय र गैह्रजिम्मेवारी



**सुरेशकुमार पाण्डे**

बालेन सरकारको अनुभवको कमीले पक्राउ पर्नेहरू अदालतबाट छाडिदैछन्। अहिले पनि यो सरकारले गरेको काम र कामगर्ने तरिका हेर्दा हाँसो लाग्नथाल्यो। सर्सरती काम हेर्दा उनीहरू सरकारमा गएपछि दिन रात काम गरेकैछन्।

उनीहरूले जनहितका मुद्धाहरू पनि उठाएका छन्। भ्रष्टाचारी र अपराधी बिरूद्धमा धरपकड छ। यति हुँदा हुदैपनि हाँसो किन लाग्छ त ?

अहिले सरकारले ५०प्रतिसत पेट्रोलियम पदार्थमाथिको कर हटाएको समाचार छ। तर जनतालाई कुनै राहत छैन। भारतबाट पेट्रोल लिन्छौं तर भारतमा यसरी पेट्रोलको दाम बढाएको देखिदैन। पछिल्लो सरकारले दैलेखमा पेट्रोलियम पदार्थ फेला पारेपछि देशका जनताहरू खुसीले गदगद भएका थिए। त्यो पनि अहिले कुहिरो भएको छ।

देशमा पहिल्यै ऋृण लिएको अहिले नागरिकको टाउकामा थुप्रो छ। अहिलेको सरकारले ४०अर्ब ऋृण लिएको भनिन्छ। अनि यो ऋृण केका लागि र कहिले तिर्ने हो ? सरकारले प्रदेशहरू खारेज गरेर ऋृणबाट जोगिने प्रयास किन गर्दैन ?

ब्यापक चर्चामा आएको संविधान संशोधन केका लागि गर्ने ? त्यसबारेमा पनि सरकार प्रष्टसङ्ग जनतामा कुरा राखेको छैन्। अहिले काठमाण्डौमा महिलाहरूलाई बसको निशुल्क ब्यवस्था गरेका छन्। उनको यो ब्यवहारले के देखाउँछ भने उनी देशका प्रधानमन्त्री हुन तर विचारमा मेयरबाट माथि उठ्न सकेको जस्तो देखिएन। किन की महिलाहरू नेपालभरी छन् उनीहरू मध्य कयौं गरिब र बेरोजगार पनि छन्। यो सुविधा देशैभरि किन गरिन्न ? गाउँमा एउटा नर्सीङ होम छैन। एउटा सरकारी बस सेवा छैन, राजधानीमा बस निशुल्क गराएर तमासा देखाएको होइन ?

महिलाहरूलाई भाडा माफ गर्नुभन्दा पहिले देशभरी सरकारी बस हुनुपर्छ। देशैभरीका महिलाहरूलाई निशुल्क सेवा हुनेथ्यो भने पनि कसैले प्रश्न उठाउने ठाउँ थिएन तर अहिले काठमाण्डौमा महिलाहरूको छुट्टै निशुल्क बसको ब्यवस्थाले स्वयम विभेद हो। एकातिर सरकार वृद्धहरूको आयु सीमा ७० बाट बढाए ७५ गराउँछ, आर्को तिर काठमाण्डौमा महिलाहरूलाई निशुल्क बसको ब्यवस्था गर्छ ? देशभरीका वृद्धाहरूको अनुदान काटेर राजधानीका धनमान महिलाहरूलाई सुबिधा दिने प्रयासमा छ। प्रायजसो राजधानीमा घरबनाएर बस्नेहरू गरिब थोरै धनी धेरै हुनसक्छन्। बालेन सरकारले कुन वर्गको प्रतिनिधित्व गर्दै छ ?

देशले ऋृण लिएर यसरी सुबिधाको नाममा केहीलाई खुसि पार्नु गलत हो। सरकारले सबैसँग टेक्स लिन्छ, खुशी हुने अधिकार सबैको हुनुपर्छ।

अहिलेसम्म गिरफ्तार भएकाहरूसँग कुनै त्यस्तो प्रमाण हासिल गरेर उनीहरूबाट राष्ट्रको सम्पत्ती असुल गरेको देखिएन। कुनैपनि भ्रष्टाचारी र अपराधीलाई छोपेपछि त्योबाट देशको सम्पत्ती असुलउप्पर गरेको कतै समाचार आएन। अपराधीलाई छोपेर फेरी छोडेपछि सरकारको वा देशलाई के फाइदा भयो ? हुनुपर्ने कानुन सम्मत भ्रष्टाचारीको सिनाखत गरेर अपराधीहरूलाई छोपिसकेपछि उसले गरेको भ्रष्टाचारबाट आर्जन गरेको त्यो राष्ट्रको ढुकुटी भरिनुपर्छ। राष्ट्रियकरण गर्नुपर्ने हो। त्उा् रकम देशको विकासमा लगाउनुपर्ने।

अहिले श्रम मन्त्री दिपक शाहलाई भने रवी लामिछानेको सिफारीसमा मन्त्री पदबाट हटाएकाछन्। उनी सुरूदेखिनै बिवादित थिए पछि आफ्नै श्रीमतीलाई ठाउँ दिएपछि उन्को मपाइँ छताछुल्ल भयो। परिवारवादी हट्नैपर्छ। अहिले पनि कयौं सरकारमा बसेकाहरू बिवादित छन्। बिभिन्न आरोपमा मुछिएका जति सबैलाई कार्वाही गर्नुपर्छ।

स्वयम स्वर्णिम बाग्लेको आर्थिक नीति अन्तरराष्ट्रिउ नीति शङ्कास्पद बयानहरू बारेपनि टिकाटिप्णी हुँदै आएका छन्। उन्का विचार विदेशी बैशाखीमा उभिएको देखिन्छ।

कतिपय काम गर्दा जोसिनु भन्दापनि नियम कानुन् अनुसार नआत्तिएर गर्दा त्यो काम ब्यवहारिक हुनसक्छ। सरकारले आफूलाई एउटा स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न अखण्ड देशको रक्षकको रूपमा लिनुपर्छ। हलुङ्गा र केटौलेपनका निर्णयहरू गरेर आत्माघाती बाटो समातेपछि यस्को दुरागामी परिणाम हुनेछ।

नेपालमा अहिलेपनि धेरै गाउँहरू बिद्युत नपुगेका, सिंचाई मात्र होइन पिउने पानी समेत नपुगेका छन्। बाटो जनताको सहयोगमा निर्माण भएका कच्ची बाटाहरू मात्र छन्। कयौं ठाउँमा अहिलेपनि यातायात,स्वास्थ्य, बिद्युत आदिको समस्या छ। शिक्षामा सुधार गर्नुपर्नेछ। सामन्यतः झोलङ्गे पूल समेत नभएका ठाउँहरू पनि छन्।

यस्तो दयनीय अवस्थामा काठमाण्डौमा मात्र महिलाको लागि निशुल्क बस चलाउने बिषय आम जनतालाई पचेको छैन। बरू नेपालभरी औषधी फ्री गराएको भए, वा कम शुल्कमा कुनै ठूलो रोगको उपचार निशुल्क गराएपछि त्यसबाट गरिब महिंलाहरूको लागि राहत हुनेथियो। सरकारले बिमाको आयु सिमा घटाउनुको सट्टा बढाएको छ। हुनुपर्ने साठी वर्ष पछि धेरैजसो वृद्धाहरूको आर्थिक खर्च बढेको हुन्छ। औषधी उपचार आदि अन्य ब्यक्तिको तुलनामा साठी वर्ष पछिकाहरूको उपचार फ्री वा पेन्सिन वा दुबै दिनसके झनै राम्रो।

यसरी सरकारले के गर्दै छ भने जनताको नाडी छाम्ने र निर्णय लिने प्रयास गर्दैछ। जनताबाट बिरोध भयो भने त्यसलाई हवाई समाचार भनेर रिजेक्ट गर्ने उनीहरूको नीति देखियो।

पहिले पर्देश खारेजका कुरा आए तर कतिपयको दवाबमा त्यो पनि हरायो।कयौं बलात्कार र मृत्युका फाइलहरू खोल्ने कुरा आउँदा नआउँदै हराए। कहिले नोट बन्दका कुरा, विदेशी मुन्द्राको मूल्यका कुरा। सहकारी ठगलाई छोपेर पिडितहरूलाई धन् दिलाउने कुरा आदि। सरकारले हवाई फाएर गर्छ अनि तिनीहरू केही समयमा जनताको प्रतिकृयापछि ती सबै हराउन वा फिका हुन थाल्छन्।

यसरी गरिएको सरकारको केटौले पनले देशका जनतालाई मात्र होइन उनीहरू आफै पनि बद्नाम हुनेछन्। देशको फेरी आर्को अराजक प्रकारको गुट तैयार हुनेछ। सरकार पारदर्शी हुनुपर्छ। उनीहरूले गरेको कृयाकलाप सारा संसारले हेरिरहेको छ भन्ने बारेपनि भुल्नु हुँदैन। सरकार सचेत होस्।

अहिले देशमा सरकारले जसरी सम्विधान् संशोधनका मुद्दाहरू उठाएको छ र कार्यदल नै बनाएको छ। घर बनाउनुभन्दा पहिले त्यसको जग बलियो हुनुपर्छ। यदि संरचनानै ठिक भएन भने घर बलियो हुने सम्भावना हुँदैन। उनीहरूले संविधान संशोधनमा देशवासीको सुझाव संकलन गरोस्। संविधान केका लागि संशोधन गर्ने ? यो विषयमा देशवासीले थाहा पाउनुपर्छ र पहिलेजस्तो जनताका सुझावलाई बेवास्ता गर्नुहुन्न।

धार्मिक स्वतन्त्रता र बहुदलीय ब्यवस्थालाई आँच नआउने गरी संविधान संशोधन हुनुपर्छ। चाहिने नियम बनाएर जानुपर्छ। उनीहरूले उठाउँदै आएको प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री भनेको विषयमा राजनीतिक शक्तिहरूवीच सहमति हुनैपर्छ। जसरी खर्च कम हुन्छ, स्थिरता आउँछ, अराजकता हट्छ, नेपाली एकता कायम हुनसक्छ, त्यो व्यवस्था जनताले चाहेका हुन्।

सङ्घीयता खारेज गर्नुपर्छ। किन की यो जनताको माग पनि होइन र यो देशको लागि आर्थिक भगौलिक हिसाबले पनि आवस्याकता देखिदैन। प्रदेश संरचना खारेज गरेर स्थानीय स्वयत्ततामा आधारित एकात्मक शाशन प्रणाली देशको हितमा हुने छ। अहिलेको भन्दा गाउँ पालिका र नगरपालिकाहरूलाई बलियो र शक्तिशाली बनाएर लैजानुपर्छ। कति पछिल्ला सरकारहरूले विदेशीको दवाबमा आएर पारित गरेका असमान र राष्ट्रघाती नागरिकता विधेयक पनि खारेर हुनुपर्छ। संविधान संशोधन जनता र राष्ट्रको हितमा हुनुपर्छ। सरकारले गर्ने भनेका कार्यसूचीअनुसार काम भएनन् भने राष्ट्रिय, अन्तरराष्ट्रिय बिबादहरू उठ्नेछन्। असंलग्न परराष्ट्रनीति व्यवहारमा हुनुपर्छ र छिमेकीहरूसँग पनि सन्तुलन मिलाएर जानसक्नु पर्छ। सरकारले सोचोस्।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०    भ्याट नम्बर- ३०४५६२४४४
मंगलबार Tuesday
२०८३ वैशाख ८, Apr. 21, 2026





## अन्तिम पातो – शाश्वत शर्मा

# किस्तीमा राखेर कसैले दिँदैन

राजतन्त्रवादी हौसिने र हिस्सिने निरन्तरता १७ वर्ष पुरानै हो । पूर्वपश्चिम राजमार्गको नाम पुनः महेन्द्र राजमार्ग गर्ने र राज्यसञ्जालका कार्यालयमा नेपाल निर्माताको तस्वीर राख्ने बालेन सरकारले निर्णय गरेपछि अहिले फेरि राजतन्त्रवादीहरू हौसिएको देखिन्छ । अनेक कारण छन्, बालेन साहले राजसंस्था पुनर्स्थापित गर्ने निर्णय गर्छन्, संघीयता खारेज गराउँछन् भन्ने विश्वास भएर नै फागुन २१ को निर्वाचनमा राजतन्त्र र हिन्दुवादीहरूले घण्टीमा मत खन्याइदिएका थिए । राजतन्त्रविरोधीहरूले प्रम बालेन साहलाई खिसिट्यूरी गर्न थालिसकेका छन् । यसकारण जिज्ञासा धेरैको छ- बालेन साह र रास्वपाले राजतन्त्र पुनर्स्थापना गर्ला त ? यो प्रश्नमा दुई धार छन्, दुई मत देखिन्छन् ।

एकथरि भन्छन्- यो त स्टण्टमात्रै हो । राजतन्त्रको लोकप्रियता देखेर र बुझेर ती सबैको सद्भाव र समर्थन बटुल्न बालेन साहले आफ्नो इतिहास, संस्कृति, संस्कारप्रतिको मान्यतालाई बल दिन स्टण्टमात्र गरेका हुन् । अर्को पक्ष छ, जसले बालेन साह र रास्वपमा भएका अधिकांश नेता कार्यकर्ता, सांसदहरू राजसंस्थावादी भएकाले अब हुने संविधान संशोधनमा राजसंस्थालाई कुनै न कुनै स्थान दिन्छन् । यसैवीच अझ केहीले तबालेन साहको टिमले जसरी कामकार्वाही अगाडि बढाएका छन्, ती सबै राजापक्षीय काम कारवाही हुन् भने दावी गरिरहेका देखिन्छन् ।

यसैवीच नयाँवर्ष २०८३ को शुभकामना सन्देशमा पूर्वराजा ज्ञानेन्द्रले दिएको भिडियो सन्देशमा वर्तमान सरकारको जुन तरिकाले प्रशंसा गरिएको छ, त्यो देखेर सुनेर पढेर राजा र बालेनको कुरा मिलेको अर्थ लगाउनेहरू धेरै छन् । जेहोस्, राजतन्त्रवादीहरू उत्साहित छन् । यो उत्साहभित्रको प्रश्न हो, संविधान संशोधनमा राजालाई के कस्तो स्थानमा पुर्नस्थापना गराउने प्रयास होला ? चुनावमा राजतन्त्रको कुनै मुद्दा थिएन, तथापि परिवर्तन जनताले र जेनजी पुस्ताले खोजेकै थिए, त्यो परिवर्तनमा राजतन्त्रवादीले साथ दिए, रास्वपाले जित्यो, बालेन प्रधानमन्त्री बने । प्रम बालेनले संविधान संशोधनका लागि बहसपत्र तैयार गर्ने समिति गठन गरेर छलफल अघि बढाएका छन् । सुझाव जनतासँग पनि मागिएला । स्मरणीय के पनि छ भने गत चैत १५ गते राप्रपाको आन्दोलनमा राजाकै संलग्नता छ भनेर मेयरका रूपमा बालेन साहले फोहर भयो भन्दै चिट काटेका थिए । तिनै बालेन साह विश्वका प्रभावशाली सय जनामा रहेका छन् र ती प्रधानमन्त्री बालेन साहले अधिकांश जनताको माग रहेको अभिभावकीय भूमिकामा राजालाई रोज्लान् त ?

ताजा संसदको घटनाक्रम, राप्रपालाई उपसभामुखमा रास्वपाले समर्थन गर्ने कुरा अघि बढेको थियो । अन्त्यमा बालेन साहले श्रम संस्कृति पार्टीकी कान्छी सांसद रूवीलाई रोजे । कारण राप्रपाकी उमेदवार नेताकी श्रीमती भएकै कारण बालेनले समर्थन नगर्ने निधो गरेका थिए । जेनजी सरकारले नेपोटिजम मन पराउने कुरा थिएन, राप्रपाले अलग महिला उमेदवार चयन गर्न सकेन । तथापि राजतन्त्रको सिद्धान्त बोकेको राप्रपाले विरोध गऱ्यो, सहकार्य तोडेको चाहिं छैन । तर उपसभामुख पाएको श्रम संस्कृति पार्टीले राजतन्त्रप्रति लचकता देखाएको देखिन्न ।

हिजो प्रमुख पार्टी कांग्रेसभित्र अधिकांश कांग्रेसी सांसदले राजतन्त्र चाहियो भनेर हस्ताक्षर अभियान चलाउँदा पनि तत्कालीन सभापति शेरबहादुर देउवाले कानमा तेल हालेनन् । २०७२ मा संविधानलाई अन्तिम रूप दिंदा जनताले राजतन्त्र र हिन्दुराष्ट्रको पक्षमा सुझाव दिएका थिए, तत्कालीन सभामुख र गणतन्त्रवादीहरूले जनतामाथि घात गरेकै हुन् । यसपटक संविधान संशोधन गर्दा जनतासँग सुझाव मागिनुपर्छ र जनताको सुझावलाई बालेन सरकारले अस्वीकार गर्नसक्ने स्थिति हुनेछैन । जनतासँग होइन, पार्टी र विज्ञसँगमात्र सुझाव लिनुपर्छ भनेर गणतन्त्रवादीले अहिलेदेखि नै षडयन्त्र सुरू गरिसकेका छन् । अब हेर्नुछ, जनताको विश्वासको मतबाट ऐतिहासिक जित हासिल गरेर सत्तामा पुगेका बालेन र रास्वपाले जनताको सुझाव लिन्छन्, लिंदैनन्, जनसुझावअनुसार संविधान संशोधन गर्छन् गर्दैनन् । राजतन्त्र र हिन्दुराष्ट्र यही विन्दुमा टक्क अडिएको अवस्था छ । यद्यपि रास्वपा र बालेन सरकारले संविधानमा जनमत संग्रहको प्रावधानलाई पनि सम्झेका छन् । यो चाहिं सकारात्मक संकेतका रूपमा विश्लेषकहरूले लिएका छन् ।

राजतन्त्रवादी र हिन्दुवादी कोठे आन्दोलनकारी हुन् । सडकमा ताते भने पनि केही घण्टाका लागि तात्छन्, चर्का नारा लगाउँछन् र कोठा कोठा पस्छन् । भिषण आन्दोलन गर्ने ताकत यो खेमामा छैन । भएको भए देशव्यापी अभिनन्दन र स्वागत गर्नसक्ने जनता कडा आन्दोलन गर्न सक्दैनन् । ९४ प्रतिशत ॐकार परिवार भएको हिन्दुहरू संगठन गर्नै सक्दैनन् । राप्रपा, केशर विष्ट, दुर्गाप्रसाईजस्ता राजतन्त्रवादीहरू राजतन्त्र ल्याउनुभन्दा बढी राजाको हुर्मत लिन अग्रसर छन् । यिनको विधि व्यवहार र चरित्र अवसरवादी भन्दा बढी केही छैन । आन्दोलन जेनजी पुस्ताले गरे, अभिभावक तिनले खोज्नेहो, परिवर्तन तिनले ल्याए, सुशासन तिनले दिने हो । शान्ति र समुन्नति अब नयाँ पुस्ताले ल्याउने हो । शक्तिको स्रोत नयाँ पुस्ता रहेछ भन्ने प्रष्ट भइसक्यो । नयाँ पुस्ताले चाहे भने जब्बर बनेर ३७ वर्षदेखि सत्तामा हालिमुहाली गरेर बसेकाहरू भागम् भाग हुनेरहेछन् भन्ने सबैले देखिसके । मुलुक बचाउनु छ, मुलुक बनाउनु छ, ढलेको मुलुकलाई उठाउनु छ । यो सबै भार नयाँ पुस्तामा छ, किस्तीमा राखेर कसैले दिंदैन, खोसेर लिने र गर्ने हो ।






# बेरोजगारी, विदेश पलायन र नागरिकता समस्या

*नारायणप्रसाद मिश्र*

मुलुकको भताभुङ्ग स्थिति, अब्यवस्था, दुरावस्थाले हाम्रो देशमा रोजगारी मिल्न नसकेको कारण शिक्षित, आशिक्षित सबै खालका मुलुकको झण्डै झण्डै एक तिहाइ जस्तो जनसंख्या रोजगारीकै सिलसिलामा आफनो पाखुरा, सीप, शिक्षा, ज्ञान अरूकै लागि प्रयोग गर्न बिदेश पलायन भएको दुखद् स्थिति सर्बविदित छ । यिनीहरूकै कमाइबाट पठाइएको रकमको कारण पनि देश एनकेन चल्न सकेको र परिवार चल्न सकेको भन्ने यो मुलुकमा चर्चा हुनेगरेको पनि सबैलाई थाहा छ । अर्काको लात, बात्, हप्काई, दप्काई, हेला वा मान अपमान सव सही अर्काको देशमा जीवन विताउनु कम गाह्रो हुँदैन भन्ने कुरा भोग्नेलाई बढी थाहा हुन्छ । कुरा जस्तो भएपनि लाखौंलाख जनता बिदेशमा रहन बाध्य छन् ।

धेरै वर्ष विदेश रहन पर्दा त्यहाँको नागरिकता लिइ बस्दा जीवन बढी सहज हुने कारण यसमध्य कतिपयले कारणवस नचाही नचाही, मन नपरी, मन नपरी पनि आफ्नो देशको नागरिकता त्यागी बिदेशको नागरिकता लिई बिदेशमा बस्ने पनि छन् । अरूको नागरिकता लिएपनि नलिएपनि अर्काको देशमा बस्नेलाई बिदेशीनै सम्झिने कुरा भोग्नेलाई मात्र होइन, नभोग्ने तर बिचारबान ब्यक्तिलाई पनि साधारणतः थाहा हुन्छ । यदि यो कुरा थाहा नभएपनि हाम्रै देशमा नागरिकता लिई वसेका अमेरिकन वा युरोपियनलाई हामी नेपाली सम्झिन्छौ कि बिदेशी एक छिन शुद्ध मनले बिचार गरे स्पष्ट हुन्छ । नढाँटी भन्दा भन्नै पर्छ-मान्छेको रूपरङग, आकृति, भाषाले छुट्याई उनीहरूलाई हामी साधारणतः विदेशीनै सम्झिन्छौ । नागरिकता पत्र मात्रको आधारमा नागरिक सम्झिनु कुरा बेग्लै हो । ठीक यस्तै हो हामी नेपालीको पनि बिदेशमा । हुन पनि मान्छेको दिलको राष्ट्रियता नागरिकता पत्रले साधारणतः फेरिंदैन ।

कुरा यस्तो भएपनि बिदेशको नागरिकता लिएको वा स्थायी बसोवास सुविधा (पीआर) लिएको कारण मात्रले देशको माया त्यागेको अर्थ लगाउने नेपाल कम्युनिष्ट पार्टी एमालेका पूर्वमन्त्री लाल बाबु पण्डित मार्काका महानुभावहरू पनि यस मुलुकमा छन् । तर पनि तात्कालिन सवै दलहरूको सहमतीमा मुलुकमा हाल रहेको संविधानमा बिदेशी मुलुकको नागरिकता प्राप्त गरेको ब्यक्तिलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नागरिकता प्रदानगर्ने कुरा उल्लेख भएको र २०८० असोज ३० गतेदेखि नेपाल सरकारले गैरआवासीय नेपाली नागरिकता प्रदान गरिआएको छ ।

**तर यो नागरिकता कही नभएको जात्रा हाडीगाउँमा भन्ने नेपाली उखान जस्तो भएको एउटा कुरा म यहाँ लेख्न चाहन्छु ।**

घटना एउटा आफन्तको हो । जागिरे कामको सिलसिलामा ३५/३६ बर्ष देखि ऊ बिदेशी मुलुकमा छ । उसित बिदेशी मुलुकको स्थायी बसोवास कार्ड (पीआर) छ । उसित नेपाली नागरिकता र नेपाली पासपोर्ट छ । फुर्सद फुर्सदमा उ नेपाल आउने गर्थ्यो र गर्छ र परिवारसित जीवन बिताउँछ । उसको नेपालमा बचत र मुद्धती बैङ्क खाता छ । सो खातामा राम्रै रकम छ । गैर आवासीय नेपाली नागरिकता दिने समाचारवाट खुशी भई उसले गतसाल नेपालको पुरानो नेपाली नागरिकता त्यागी बिदेशी मुलुकको नागरिकता लियो । साथ साथै नेपालआई गैर आबासीय नागरिकता पनि लियो । बिदेश फर्क्यो ।

यसै बिचमा नेपालको बैङ्कमा रहेको उसको मुद्दती खाताको म्याद सकियो । मुद्दती नवीकरण गर्न बैङ्कले उसको गैर आवासीय नेपाली परिचय पत्र माग्यो । यो परिचय पत्र उसित छैन । उसले कहिल्यै लिएको थिएन । लिनु पर्ने अवस्था पनि उसको थिएन । उसले गैर आवासीय नेपाली नागरिकताको फोटो प्रति बैङ्कलाई उपलब्ध गरायो । तर बैङ्कले यो नागरिकतालाई मान्यता दिई काम गर्न नसकिने कुरा जनाइ उसको रकम बैङ्कमा फ्रोजन भएको अर्थात चलाउन नसकिने स्थितिमा रहेको जानकारी दियो ।

*we request you to please provide your NRN card so that we can reactivate your account, we do have your NRN citizenship however, we will require your NRN card to keep the account activated .* ***(बैङ्कले लेखेको पत्रको अंश)***

यसबाट हाल सरकारले दिएको गैर आबासीय नेपाली नागरिकता साबिक रहेको बैङ्क खातासम्म नवीकरण गर्नको निमित पनि काम नलाग्ने र गैर आवासीय नेपाली परिचय पत्र जतिको पनि महत्व नभएको स्पष्ट छ । यो नागरिकतामा बिश्वास् र गर्ब गर्दा उ आफ्नो नेपालमा रहेको बैङ्क खाता नवीकरण गर्न नसक्ने र भएको रकम अरू परिवारलाई दिन पनि नसक्ने अवस्थामा परेको छ ।

नागरिकता जस्तो महत्वपूर्ण कागत यसरी विना अर्थको हुन पर्ने कुनै कारण जरूर पनि देखिन्दैन । यसैले कार्यान्वयनमा यस्तो अवस्था किन हुनगयो ? बुझिन्दैन । संविधान प्रदत्त गैर आवासीय अधिकार गैरआवासिय नागरिकलाई प्रयोग गर्न दिने हो भने यो समस्या समाधानको लागि के गर्नु पर्ने गर्नको निमित वर्तमान सरकारको ध्यान अबिलम्ब जान पर्ने देखिन्छ । कुरा यो होइन र यो नागरिकताको कुनै मुल्य वा अर्थ छैन भने यस्तो नागरिकता दिइरहनुको पनि कुनै अर्थ हुँदैन ।

narayanshanti70@gmail .com

## स्वतन्त्र प्रेस, सवल लोकतन्त्र ।

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चार माध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

